# प्रभाव दैनिक
National Daily

इ-पेपरका लागि

वर्ष १३ | अंक १२४ | काठमाडौं | मंगलबार, ०९ भदौ २०८३ | Prabhab National Daily | Tuesday, 25 August 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५ /-


बलात्कारपछि हत्या प्रकरण

## संसद्मा उठ्यो कठोर सजायदेखि मृत्युदण्डसम्मको माग


फाइल तस्बिर

- गरिमा चौधरीको बलात्कारपछि हत्या घटनाले उठ्यो संसद्मा कडा कानुनको माग
- अपराधमा संलग्नलाई मृत्युदण्ड दिनुपर्ने केही सांसदको तर्क
- मौजुदा कानुनले अपराधी नडराएको दाबी



अपराधीलाई डर लाग्ने कानुन खोई ? बलात्कारपछि हत्याजस्तो अपराध गर्ने साहस अपराधीले कहाँबाट पाए ?

**पद्मा अर्याल**
उपनेता, एमाले संसदीय दल



बलात्कारीलाई कति वर्ष जेल हाल्ने भन्ने होइन । यस्ता अपराधमा मृत्युदण्ड किन नदिने ?

**खुश्बु ओली**
प्रमुख सचेतक, राप्रपा

**जेबी योञ्जन**

**काठमाडौं–** तीन वर्षकी गरिमा चौधरी अब बोल्दिनन् । खेल्ने, हाँस्ने र आमाको काखमा रमाउने उमेरमै उनको बलात्कारपछि हत्या भयो ।

यो घटनाले एउटा परिवारलाई मात्रै शोकमा डुबाएन, कानुन निर्माताहरूलाई बलात्कार पीडकलाई दिइने विद्यमान कानुनको दण्ड र सजाय कमी भएको भन्दै बढाउनुपर्नेबारे सोच्न बाध्य बनायो ।

सोमबारको प्रतिनिधिसभा बैठकमा सांसदहरूले आकस्मिक, शून्य र विशेष समयमा बोल्दै मौजुदा कानुनी व्यवस्थामा पुनरवलोकन हुनुपर्ने बताए । उनीहरूको एकै स्वर छ- दण्ड र सजाय थाहा पाएर बलात्कारजस्तो जघन्य अपराध गर्न आपराधिक मनोवृत्ति भएकाहरू डराउन् ।

बैठकमा बोल्दै नेकपा एमाले संसदीय दलकी उपनेता पद्मा अर्यालले सोधिन्, 'अपराधीलाई डर लाग्ने कानुन खोई ?' बालिका गरिमाको हत्या घटनाप्रति आक्रोश व्यक्त गर्दै थप प्रश्न गरिन्, 'यस्तो अपराध गर्ने साहस अपराधीले कहाँबाट पाए ?' उनले घटनामा संलग्नलाई कडा कारबाही नभए बलात्कारपछि हत्या घटना बढ्ने भन्दै चिन्ता प्रकट गरिन् ।

बैठकमा राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)की प्रमुख सचेतक खुश्बु ओली यस मामिलामा झन् कडा सुनिइन् । उनले अपराधमा संलग्नहरूलाई मृत्युदण्डसम्मको सजाय दिनुपर्ने माग गरिन् । उनले आक्रोशित हुँदै भनिन्, 'बलात्कारीलाई कति वर्ष जेल हाल्ने भन्ने होइन । यस्ता अपराधमा मृत्युदण्ड किन नदिने ?'

नेपालको वर्तमान संविधानमा मृत्युदण्डसम्बन्धी प्रावधान छैन ।

क्रमशः पृष्ठ २ मा

# सत्तारुढ दलभित्रको असन्तुष्टिले अप्ठेरोमा मुख्यमन्त्री थापा

- विश्वासको मत लिने तयारीमा रहेका मुख्यमन्त्री किरण थापा मगरले सोमबार तीनपटक बैठक सार्दा पनि सकेनन् बैठक राख्न
- नेकपाका उर्मिला लामा, रूकु चौलागाईं, गंगानारायण श्रेष्ठ, कृष्ण खनाल, लक्ष्मण लम्साल, राजेन्द्रमान श्रेष्ठ र युवराज चौलागाईं अनुपस्थित हुँदा अप्ठेरोमा मुख्यमन्त्री
- सरकारलाई समर्थन गरी मन्त्री बनेका राप्रपा सांसद राजु बिष्ट, राजेन्द्र प्रजापति र गिरबहादुर तामाङ पदमुक्त



**प्रभाव संवाददाता**

**काठमाडौं–** सोमबार बागमती प्रदेशका नवनियुक्त मुख्यमन्त्री किरण थापा मगरले विश्वासको मत लिने तयारी गरेका थिए । तर सत्तारुढ दल नेपाली कम्युनिस्ट पार्टी (नेकपा) र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) भित्र विवाद चुलिएपछि उक्त कार्यतालिका आज (मंगलबार) का लागि सारियो ।

सोमबार दिउँसो १ बजेका लागि तय भएको बैठक साँझ ५ बजे हुँदै राति ८ बजेलाई सऱ्यो । तर उक्त समयमा पनि बैठक बस्न नसकेपछि आज दिउँसो ४ बजेसम्मका लागि स्थगित भएको छ । यसको मुख्य कारण थियो सत्तारुढ दलभित्रैको असन्तुष्टि ।

बिहीबार नेकपा एमालेका २५, नेकपाका २६ र राप्रपाका १२ गरी ६३ जना प्रदेशसभा सदस्यको समर्थनमा थापा मगर मुख्यमन्त्री बनेका थिए । कूल १०४ प्रदेशसभा सदस्य रहेको बागमतीमा ५३ मत भए मुख्यमन्त्रीलाई विश्वासको मत पुग्छ ।

सोमबार विश्वासको मत लिने कार्यतालिका सार्वजनिक भएसँगै राप्रपाले बागमती प्रदेशमा मन्त्री बनेका आफ्ना सदस्यहरू राजु विष्ट, राजेन्द्र प्रजापति र गिरबहादुर तामाङलाई केन्द्रीय अनुशासन समितिको सिफारिसमा पदमुक्त गऱ्यो । यसअघि राप्रपाले संसदीय दलको नेताबाट उद्धव थापालाई पदमुक्त गरेको थियो । राप्रपाका तीन जना सांसद भए पनि मुख्यमन्त्री थापा मगरलाई मत पुग्ने थियो । यसैले मुख्यमन्त्री थापा मगरले सोमबार विश्वासको मत पाउनेमा ढुक्क थिए ।

तर सत्तापक्षकै सात जना सांसद बैठकमा अनुपस्थित भएपछि मुख्यमन्त्री थापा संकटमा परे । एमाले स्रोतका अनुसार नेकपाका उर्मिला लामा, रुकु चौलागाईं, गंगानारायण श्रेष्ठ, कृष्ण खनाल, लक्ष्मण लम्साल, राजेन्द्रमान श्रेष्ठ र युवराज चौलागाईंले विश्वासको मत हाल्ने कार्यक्रम बहिस्कार तयारी गरेका थिए ।

मन्त्रिपरिषद् विस्तार र सरकारमा सहभागी गराउने विषयमा पार्टीभित्र पर्याप्त छलफल नगरी एकलौटी ढंगले निर्णय गरिएको भन्दै ती सांसद असन्तुष्ट रहेको बताइएको छ । विश्वासको मतको मतदानअघि असन्तुष्ट सांसदहरूलाई मनाउने प्रयास जारी रहेको बताइएको छ । नेकपा संसदीय दलका नेता शालिकराम जम्कट्टेलले भने नेकपाका सबै सांसदले मुख्यमन्त्रीको पक्षमा विश्वासको मत दिने दाबी गरे । 'दलबाट निर्वाचित उहाँहरूको काम सरकार बनाउने, मन्त्री बनाउने र आफू पनि मन्त्री बन्ने हो । साथीहरूका आफ्ना केही कुराहरू हुन सक्छन्, दलको ह्वीप मान्न पार्टीका साथीहरू आउनुहुन्छ,' जम्कट्टेलले भने ।

यता प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले मुख्यमन्त्री थापा मगर नेतृत्वको सरकार गठनको संवैधानिक वैधतामाथि प्रश्न उठाउँदै प्रदेशसभा बैठक सञ्चालनमा अवरोध गर्ने चेतावनी दिएको थियो । मुख्यमन्त्री नियुक्तिविरुद्ध उच्च अदालत पाटन, हेटौंडा इजलासमा राप्रपाकी प्रमुख सचेतक कुमारी तामाङले उत्प्रेषण परमादेशसहितको निवेदन दिएकी छन् ।

### नियुक्तिविरुद्ध उच्च अदालतले माग्यो कारण

**काठमाडौं (प्रस)–** बागमती प्रदेशको मुख्यमन्त्रीमा किरण थापा मगरको नियुक्तिविरुद्ध उच्च अदालत पाटन, हेटौंडा इजलासमा परेको रिटमा विपक्षीहरूका नाममा 'कारण देखाऊ' आदेश जारी भएको छ ।

न्यायाधीश बबिता उप्रेतीको एकल इजलासले सोमबार प्रारम्भिक सुनुवाइ गर्दै मुख्यमन्त्री नियुक्तिको निर्णय किन बदर हुनु नपर्ने हो, त्यसको आधार र प्रमाणसहित १५ दिनभित्र लिखित जवाफ पेस गर्न आदेश दिएको हो ।

मुख्यमन्त्री मगरको नियुक्ति प्रक्रिया संविधानविपरीत रहेको दाबी गर्दै अधिवक्ता मोहनप्रसाद ढकाल र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) बागमती प्रदेश संसदीय दलकी प्रमुख सचेतक कुमारी तामाङले भदौ ५ गते छुट्टाछुट्टै उत्प्रेषण रिट दायर गरेका थिए ।

क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

मलेसिया रोजगारीमा 'सिण्डिकेट' प्रकरण

# मलेसियाको नयाँ प्रणालीअन्तर्गत काम नगर्ने २५ म्यानपावरको प्रतिबद्धता

### संघले माग्यो लिखित प्रतिबद्धता, मन्त्रालय आन्तरिक छलफलमा

**ममता थापा**

**काठमाडौं–** मलेसियाको फरेन वर्कर सेन्ट्रलाइज्ड म्यानेजमेन्ट सिस्टम (एफडब्ल्युसिएमएस)मा सूचीकृत २५ वटा म्यानपावर कम्पनीका सञ्चालकहरूले उक्त प्रणालीमा रहेर काम नगर्ने प्रतिबद्धता जनाएका छन् । सोमबार युवा, श्रम तथा रोजगार मन्त्रालयमा भएको छलफलमा उनीहरूले यस्तो प्रतिबद्धता जनाएका हुन् ।

मलेसिया रोजगारीमा एकाधिकार (सिण्डिकेट) लागू गर्ने प्रक्रियामा संलग्न रहेको तीव्र विरोधपछि उनीहरू उक्त प्रणालीबाट बाहिरिन तयार भएको नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष डिकबहादुर खत्रीले बताए । यद्यपि, मौखिक रूपमा जनाइएको प्रतिबद्धता कार्यान्वयन हुनेमा विश्वस्त नरहेको उनको भनाइ छ ।

मन्त्रालयमा श्रमसचिव दीपक काफ्लेसहितको टोली, सूचीकरणमा परेका २५ व्यवसायी र संघका प्रतिनिधिबीच त्रिपक्षीय छलफल भएको थियो । संघले मौखिक प्रतिबद्धतामा मात्र विश्वास गर्न नसकिने भन्दै मन्त्रालयले लिखित प्रतिबद्धता माग्नुपर्ने जनाएको छ ।

'मन्त्रालयले लिखित प्रतिबद्धता मागेर सूचीकृत संस्थाले मलेसिया श्रमिक पठाउन नमानेकाले हटाइदिनु भनेर कूटनीतिक नोट पठाउने भन्नेसम्मको कुराकानी भएको छ,' संघका अध्यक्ष खत्रीले भने, 'त्यो सिस्टमभित्र बसेर २५ संस्थाले मलेसिया श्रमिक पठाउन नपाउनेगरी निर्णय आउँछ भन्ने विश्वास छ ।' एफडब्ल्युसिएमएसबाट हटेका अन्य व्यवसायीहरूले कहिलेबाट प्रणालीमा प्रवेश पाउँछन् भन्ने विषय सरकारको कूटनीतिक पहलमै निर्भर रहेको उनको भनाइ छ ।

श्रम मन्त्रालयले भने सोमबार दुवै पक्षको कुरा सुनेको र थप निर्णय हुन बाँकी रहेको जनाएको छ । 'छलफलमा उहाँहरूले हाम्रो इच्छाले छनोट भएको होइन । हामीले पनि आफ्नो नाम सिस्टममा देखेर थाहा पाएको भन्नुभएको छ,' मन्त्रालयका प्रवक्ता पिताम्बर घिमिरेले भने, 'दुवै पक्षको कुरा सुनेर समस्याको विश्लेषण गऱ्यौं । निचोड निस्किसकेको छैन । के गर्ने भनेर आन्तरिक छलफल हुँदै छ ।'

मलेसियाले शुक्रबार राति एफडब्ल्युसिएमएसबाट मलेसियामा श्रमिक पठाउने सबै व्यवसायीको नाम हटाएर २५ व्यवसायीलाई मात्र राखेको थियो । जसमा विगतदेखि नै एकाधिकार ल्याउन चलखेल गरेको भनेर आशंका गरिएका २५ व्यवसायी नै समावेश भएको संघले जनाएको छ । यद्यपि, व्यवसायीहरूले आफूलाई कुनै जानकारीविनै प्रणालीमा राखिएको दाबी गरेका छन् । संघले भने उक्त दाबीमा विश्वास गर्न नसकिने जनाएको छ । संघका अध्यक्ष खत्रीका अनुसार मलेसिया रोजगारीमा एकाधिकार लगाउने यो चौथो प्रयास हो ।



मन्त्रालयमा भएको छलफलमा उहाँहरूले हाम्रो इच्छाले छनोट भएको होइन । हामीले पनि आफ्नो नाम सिस्टममा देखेर थाहा पाएको भन्नुभएको छ । दुवै पक्षको कुरा सुनेर समस्याको विश्लेषण गऱ्यौं । निचोड निस्किसकेको छैन ।

**पिताम्बर घिमिरे**
प्रवक्ता, श्रम मन्त्रालय

क्रमशः पृष्ठ २ मा

# 'सिण्डिकेटको त्रास अन्त्य भएको छैन'



**डिकबहादुर खत्री**
अध्यक्ष, नेपाल वैदेशिक रोजगार व्यवसायी संघ

*मलेसिया सरकारले आप्रवासी कामदार भर्नाका लागि शुक्रबार नेपालसहित विभिन्न देशका सीमित संस्थाहरूलाई फरेन वर्कर सेन्ट्रलाइज्ड म्यानेजमेन्ट सिस्टम (एफडब्ल्युसिएमएस)मा सूचीकृत गरेपछि नेपालको वैदेशिक रोजगार क्षेत्र तरंगित बनेको छ । नेपालबाट २५ वटा म्यानपावर कम्पनीमात्र सूचीमा परेका छन् । मलेसियाले यी सूचीकृत संस्थाहरूबाट मात्र श्रमिक लिने उल्लेख गरेको छ । यसरी सीमित व्यवसायीले मात्र अवसर पाउने गरी एकाधिकार (सिण्डिकेट) लागू गर्न खोजिएपछि नेपाल वैदेशिक रोजगार व्यवसायी संघ त्यसको प्रतिरोधमा उत्रिएको छ । नेपाल सरकारले पनि नेपालको कानुनविपरीत एकाधिकार लागू हुन नदिन कूटनीतिक पहल थालेको छ । यही सन्दर्भमा सोमबार युवा, श्रम तथा रोजगार मन्त्रालयमा मन्त्रालय, नेपाल वैदेशिक रोजगार व्यवसायी संघका प्रतिनिधि र एफडब्ल्युसिएमएसमा सूचीकृत २५ संस्थाका सञ्चालकहरूबीच त्रिपक्षीय छलफल भयो । सोही छलफलको विषयमा केन्द्रित रहेर **प्रभाव दैनिक**की **ममता थापा**ले संघका अध्यक्ष **डिकबहादुर खत्री**सँग गरेको कुराकानीः*

**आज मन्त्रालयमा भएको छलफलबाट के निष्कर्ष निस्कियो ?**

आज सरकार, वैदेशिक रोजगार व्यवसायी संघका प्रतिनिधि र मलेसियाको एफडब्ल्युसिएमएस प्रणालीमा सूचीकृत भएका २५ संस्थाका सञ्चालकहरूबीचमा त्रिपक्षीय छलफल भएको हो । वैदेशिक रोजगार व्यवसायी संघको तर्फबाट मलेसियाको आप्रवासी कामदार भर्ना प्रक्रियामा एकाधिकार लागू गर्ने यो चौथोपटकको प्रयास हो भन्ने विषय राख्यौं । त्यसपछि मन्त्रालयको नेतृत्वले ती २५ संस्थाका सञ्चालकहरूलाई सोध्नुभयो । उहाँहरूले हामी त्यो सिस्टमभित्र रहेर काम गर्दैनौं भनेर प्रतिबद्धता जाहेर गर्नुभएको छ ।

तर, दुई पक्षको कुराकानी सुनेर मन्त्रालयले लिने निर्णयचाहिँ आउन बाँकी छ । यद्यपि, त्यो प्रणालीभित्र बसेर ती संस्थाहरूले मलेसियामा श्रमिक पठाउन नपाउनेगरी मन्त्रालयले निर्णय गर्छ भन्ने हाम्रो अपेक्षा छ ।

**२५ वटा संस्था कसरी त्यो प्रणालीभित्र छिरे ? ती संस्थाका सञ्चालकहरूले के जवाफ दिनुभयो ?**

एफडब्ल्युसिएमएस प्रणालीमा कसरी प्रवेश गऱ्यो भन्ने जवाफ नै उहाँहरूसँग छैन । जवाफ किन पनि छैन भने, त्यो प्रणालीभित्र प्रवेश गर्ने २५ संस्था कसरी प्रवेश गरे भन्ने कुरा गौण र लुकेको विषय हो । कुनै न कुनै तरिकाले शक्ति केन्द्रलाई प्रभावमा पारेर प्रणालीभित्र परेको हो भन्ने देखिन्छ । किनभने म आफैं विगत २० वर्षदेखि मलेसियामा श्रमिक पठाइरहेको छु ।

क्रमशः पृष्ठ २ मा

# बागलुङमा ६४६ जनामा डेंगु संक्रमण

**बागलुङ–** बागलुङमा डेंगु संक्रमण फैलिएको छ । पछिल्लो दुई महिनामा जिल्लामा डेंगु संक्रमितको संख्या बढेर ६४६ पुगेको छ ।

स्वास्थ्य कार्यालय बागलुङका अनुसार जिल्लाका सबै पालिकामा डेंगु संक्रमण देखिएको छ । साउन र असार महिनाको तथ्यांकअनुसार बागलुङ नगरपालिकामामात्रै ४५९ जनामा डेंगु संक्रमण पुष्टि भएको छ ।

त्यस्तै, गलकोट नगरपालिकामा ४३, काठेखोला गाउँपालिकामा ४५, जैमिनी नगरपालिकामा २७, ढोरपाटन नगरपालिकामा १७, ताराखोला गाउँपालिकामा तीन, बडिगाड गाउँपालिकामा तीन, निसीखोला गाउँपालिकामा सात, तमानखोला गाउँपालिकामा दुई र बरेङ गाउँपालिकामा दुई जनामा डेंगु संक्रमण देखिएको छ । अन्य जिल्लाबाट उपचारका लागि बागलुङ आएका ३८ जनामा डेंगु देखिएको छ ।

बागलुङ सदरमुकाममा दैनिक २० देखि ३० जनासम्म डेंगुका बिरामी देखिन थालेको धौलागिरि अस्पताल बागलुङका मेडिकल रेकर्डर नवराज पौडेलले जानकारी दिए । उनका अनुसार साउन महिनामामात्रै बागलुङ बजारमा १८२ जनामा डेंगु संक्रमण देखिएको थियो । पानी निरन्तर परेसँगै डेंगु फैलाउने लामखुट्टेको संख्या बढेकाले संक्रमितको संख्या बढेको स्वास्थ्यकर्मीले बताएका छन् ।

प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङका अनुसार डेंगु बढेपछि वडा तहमा खोज तथा नष्ट अभियान सञ्चालन गरिएको छ । लामखुट्टेको बासस्थान खोजेर नष्ट गर्ने अभियान हरेक शुक्रबार सञ्चालन भइरहेको छ । लामखुट्टेको लार्भा र बासस्थान हुने ग्यारेज, टायर, फूलदानीलगायत स्थानमा निगरानी बढाइएको छ ।

डेंगु संक्रमण बढेपछि धौलागिरि प्रादेशिक अस्पताल, बुर्तिबाङ र गलकोट अस्पतालमा उपचारका लागि आउने बिरामीको संख्या बढेको प्रदेश जनस्वास्थ्य निरीक्षक देवप्रकाश घिमिरेले जानकारी दिए । सरकारी स्वास्थ्य संस्थामा परीक्षण गराएका बिरामीकोमात्र तथ्यांक संकलन गरिएको उनले बताए । निजी स्वास्थ्य संस्था र मेडिकलमा डेंगु परीक्षण भइरहेकाले वास्तविक संक्रमितको संख्या अझ बढी हुनसक्ने अनुमान गरिएको छ ।

डेंगु फैलाउने लामखुट्टेको सम्भावित बासस्थान खोजी गरी लार्भा नष्ट गर्ने तथा पानी जम्न नदिने अभियानलाई तीव्रता दिइएको छ । समुदायमा सरसफाइ र लामखुट्टेको बासस्थान नष्ट गर्ने विषयमा जनचेतना फैलाउने कामसमेत भइरहेको स्वास्थ्य कार्यालयले जनाएको छ । *रासस*

पृष्ठ १ बाट क्रमशः

## नियुक्तिविरूद्ध...

उक्त रिटमा सुनुवाइ गर्दै अदालतले कारण माग गरेको हो । रिट निवेदकको मागबमोजिम अन्तरिम आदेश दिन भने अदालतले अस्वीकार गरेको छ । सो सम्बन्धमा छलफल गर्न आगामी भदौ १० गते दुवै पक्षलाई छलफलमा बोलाइएको छ ।

रिटमा राप्रपा संसदीय दलका तत्कालीन नेता उद्धव थापाले पार्टीको नीति, निर्णय र निर्देशनविपरीत मुख्यमन्त्री नियुक्तिका लागि समर्थन दिएको उल्लेख छ । राप्रपाको केन्द्रीय नेतृत्वले थापाको उक्त समर्थन आधिकारिक नरहेको र पार्टी तटस्थ बस्ने जानकारी प्रदेश प्रमुखको कार्यालयलाई गराउँदा-गराउँदै पनि सोही समर्थनलाई मान्यता दिएर मुख्यमन्त्री नियुक्त गरिएको दाबी निवेदकहरूको छ । यो कदमले संविधानको धारा १६८ को उपधारा (२) को भावनाविपरीत कार्य गरेको रिटमा जिकिर गरिएको छ ।

अदालतले प्रदेश प्रमुखको कार्यालय, प्रदेश प्रमुख दीपकप्रसाद देवकोटा, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, बागमती प्रदेशसभा, सभामुख, मुख्यमन्त्री थापा मगर, उद्धव थापा, एमाले संसदीय दलका नेता जगन्नाथ थपलिया र नेकपाका संसदीय दलका नेता शालिकराम जम्कट्टेललाई विपक्षी बनाएर लिखित जवाफ माग गरेको हो ।

निवेदकका तर्फबाट वरिष्ठ अधिवक्ताहरू उपेन्द्र केशरी न्यौपाने, केशवप्रसाद काफ्ले, डा. सुरेन्द्र भण्डारी र अधिवक्ता भद्रप्रसाद नेपाल (स्वागत नेपाल) ले बहस गरेका थिए । अदालतको आदेश आए पनि विश्वास मत भने प्रभावित नहुने भएको छ ।

■■■

## संसद्मा...

संयुक्त राष्ट्रसंघीय मानवअधिकारसम्बन्धी महासन्धिको पक्षराष्ट्र भएकोले नेपालले अपराधीलाई ज्यानको सफाय गर्ने कानुनी व्यवस्था गर्न पाउँदैन । तर, राप्रपा प्रमुख सचतेक ओलीले अपराधीलाई यति कडा सजाय हुनुपर्ने भनाइ राखिन् ।

सत्तारुढ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)की सांसद आशिका तामाङले पनि बलात्कारीलाई अत्यन्त कठोर सजाय दिनुपर्ने माग गरिन् । उनको पनि आशय मृत्युदण्डकै थियो । रास्वपाकै अर्का सांसद हरिमोहन भण्डारीले भने संसद् कानुन बनाउन तयार रहेको बताए । उनले भने, 'सरकारले विधेयक ल्याओस्, जस्तो कानुन चाहिन्छ, बनाउन तयार छौं ।'

मौजुदा कानुनले बलात्कारपछि हत्या गर्ने व्यक्तिलाई जन्मकैदको व्यवस्था गरेको छ । कसुरदार जीवित रहेसम्म कैद बस्नुपर्ने प्रावधानसमेत छ । तर, यही कानुन कार्यान्वयनमा आएपछि पनि निर्मला पन्त, इनिशा विक र गरिमाजस्ता घटना रोकिएका छैनन् । त्यसैले प्रश्न अब सजायको प्रावधानमात्रै छैन । प्रश्न सजायको प्रभावकारिता, अनुसन्धानको गति र दण्डहीनताको सवालमा छ ।

कञ्चनपुरकी बालिका निर्मलाको बलात्कारपछि हत्या भएको आठ वर्ष बितिसक्यो । अनुसन्धान निष्कर्षमा पुगेको छैन । प्रहरीले सयौंलाई अनुसन्धानको दायरामा ल्यायो । डिएनए परीक्षण गऱ्यो । तर, अपराधी पहिचान हुन सकेको छैन ।

निर्मला र गरिमा हत्या घटनाले सांसदहरूलाई झस्काएको हो । अब भने मौजुदा कानुन संशोधन गरेर दण्ड र सजायको प्रावधान कडा राख्नुपर्नेबारे धारणा राखेका हुन् ।

संसद् कानुन बनाउने थलो हो । अनुसन्धान गर्ने राज्य संयन्त्र हो । न्याय दिने अदालत हो । तर, पीडितले न्याय पाउन वर्षौं कुर्नुपर्ने अवस्था रहिरहयो भने कानुनप्रतिको विश्वास कसरी कायम रहन्छ ? यसबारे पनि संसद्मा आवाज उठेको हो । सत्तारुढ रास्वपाकी सांसद समीक्षा बास्कोटाले त समस्या राज्य प्रणालीमै रहेको बताइन् । 'समाजमा दण्डहीनता मौलाउनुमा राजनीतिक दल र समग्र राज्य प्रणाली जिम्मेवार छन्,' उनको भनाइ थियो ।

संसद् बैठकमा कसैले अनुसन्धान प्रणाली सुधार्नुपर्ने बताएका थिए । कसैले विद्यालय तहदेखि नै सचेतना अभियान चलाउनुपर्ने बताए । कसैले भने पीडितले तत्काल न्याय पाउने वातावरण बनाउनुपर्नेमा जोड दिए ।

अर्थात्, प्रश्न अपराधीलाई कति वर्ष जेल हाल्ने भन्नेमामात्र सीमित छैन । अपराध भएपछि अनुसन्धान कति निष्पक्ष हुन्छ ? मुद्दा कति छिटो टुंगिन्छ ? पीडित परिवारले न्याय पाउँछ कि पाउँदैन ? र अपराध हुनुअघि राज्यले रोकथामका लागि के गर्छ ? प्रश्न यी सबै हुन् ।

■■■

## एफडब्ल्युसिएमएस...

यसअघि मलेसियाको परराष्ट्र मन्त्रालयले गत अक्टोबर २७ तारिखमा नेपाली दूतावासलाई १० बुँदे मापदण्ड पठाउँदै उक्त मापदण्डभित्र पर्ने व्यवसायीलेमात्र श्रमिक पठाउन पाउने भनेको थियो । त्यसअघि सन् २०२५ मा एफडब्ल्युसिएमएसले नै इ-एम्बेसी, इ-रिक्रुटमेन्ट र बायोमेडिकल नामक तीनवटा मोडयुल कार्यान्वयनमा ल्याउन खोजेको थियो । त्यसैगरी सन् २०१७ मा बंगलादेशमा सिण्डिकेट लगाइँदा नेपालमा पनि यसको प्रयास भएको थियो ।

हाल मलेसियाको रोजगारी आंशिकरूपमा खुलेकाले स्वार्थ समूहको चलखेल बढेको बताइन्छ । मलेसियामा नेपालीहरू सुरक्षा गार्ड, प्लान्टेसनलगायतका क्षेत्रमा बढी जाँदै आएका छन् । उक्त मुलुकमा तीन लाखभन्दा बढी नेपाली श्रमिक कार्यरत रहेको तथ्यांक छ ।

२५ संस्थामात्र कसरी उक्त प्रणालीमा समावेश भए भन्ने अनुसन्धानकै विषय भए पनि शक्ति केन्द्रलाई प्रभावमा परेर नाम समावेश गरेको देखिने संघको भनाइ छ । दशकौंदेखि मलेसिया र नेपालको कानुनलाई पूर्ण पालना गरेका संस्थाहरू प्रणालीमा नपर्नुले नै चालखेल भएको स्पष्ट हुने जनाइएको छ ।

■■■

## 'सिण्डिकेटको त्रास...

मैले त्यो देशको कानुनविपरीत कुनै काम गरेको छैन र यो देशको कानुनविपरीत पनि कुनै काम गरेको छैन । अनि मेरो संस्था के कारणले त्यो प्रणालीभित्र प्रवेश गरेन ? त्यो प्रस्ट छ, मैले कुनै लेनदेन, एप्रोच वा शक्ति केन्द्रलाई प्रभाव पार्ने काम गरिनँ । यो स्पष्ट छ, उहाँहरूले हामीलाई थाहा छैन, हामीलाई थाहा नदिई त्यो प्रणालीभित्र प्रवेश गराइयो भनेर अभिव्यक्त गर्नुभएको छ । थाहा नदिईकन प्रवेश गराइयो भन्ने कुरा बच्चाले पनि नपत्याउने कुरा हो ।

तर अब उहाँहरूले आफैं बुझेर, आफैं मनन गरेर त्यो एफडब्ल्युसिएमएस प्रणालीअन्तर्गत रहेर श्रमिक नपठाउने भन्ने मौखिक प्रतिबद्धताचाहिँ आएको छ । त्यो प्रतिबद्धतालाई लिखित रूपमा नै मन्त्रालयले मागेर ती नै पत्रहरूलाई आधार बनाएर 'यी एफडब्ल्युसिएमएसमा सूचीकृत २५ संस्थाले मलेसिया श्रमिक पठाउन अस्वीकार गरे, त्यस कारणले यसलाई रद्द गरिदिनू' भनेर मन्त्रालयले कूटनीतिक नोट पठाउनेसम्मको कुरा भएको छ ।

**अब सबै व्यवसायी त्यो प्रणालीमा कहिलेबाट प्रवेश गर्न पाउँछन् त ?**

त्यो प्रणालीभित्र प्रवेश गर्ने नगर्ने भन्ने विषय कूटनीतिक पहलमै भर पर्छ । सरकारले प्रभावकारी र कुशल कूटनीतिक प्रयासबाट नै यसको हल खोज्नुपर्छ । विधिवत्रूपमा हिजो जति वैदेशिक रोजगार व्यवसायीहरूले मलेसियामा श्रमिक पठाउनुहुन्थ्यो, त्यति संस्थाले त्यही ढंगले श्रमिक पठाउन पाउनुपर्छ भन्ने वैदेशिक रोजगार व्यवसायी संघको कुरा हो । मन्त्रालयले यो विषयलाई बुझेको छ । यो विषयलाई अगाडि बढाउला भन्ने विश्वास छ ।

**आजको छलफलपछि सिण्डिकेटको त्रास अन्त्य भयो भन्न सकिन्छ ?**

सिण्डिकेटको त्रास अन्त्य भएको छैन । किनभने, यो चौथो प्रयास हो । प्रयास फेरि पनि बेलाबेलामा गरिरहला । अहिले प्रणालीभित्र परेका २५ वटा संस्था जब एफडब्ल्युसिएमएस प्रणालीबाट बाहिरिन्छन् र हिजो जसरी सबै संस्थाहरू सूचीकृत हुन्छन् वा नेपाल सरकारले ती संस्थाहरूलाई नेपालको कानुनअनुसार कारबाहीको दायरामा ल्याउँछ, तबमात्र खतरा टर्छ ।


**बीमालेख प्रमाणपत्र हराएको सूचना**

मिति २०८३/०४/०५ गते कौशलटारदेखि पुरानो बानेश्वर जाने क्रममा मेरो निम्न व्यहोरा भएको सक्कली बीमालेख प्रमाण पत्र हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुनु अनुरोध गर्दछु ।

नाम : Radhika Katuwal
बिमालेख नं. : 230005208
कम्पनी : Life Insurance Corporation (Nepal) Ltd.
ठेगाना : Barahakshetra-10, Sunsari
सम्पर्क नं : 9851033890



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनी दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७४/०९/२१ मा दर्ता भएको यस **होस्टेल क्लाउड नाइन प्राइभेट लिमिटेड** (प्रा.लि.नं. १८१२८५) कम्पनी यस कार्यालयको मिति २०८३/०५/०१ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम **दर्ता खारेज** गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनी दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०६५/०६/१७ मा दर्ता भएको यस **लोहनी अटो प्राइभेट लिमिटेड** (प्रा.लि.नं. ५६७३९) कम्पनी यस कार्यालयको मिति २०८३/०५/०१ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम **दर्ता खारेज** गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७१/०७/१९ मा दर्ता कायम भएको **महेशनारायण कृषि फार्म प्रा.लि.** (**प्रा.लि.नं.** १२७८७८/०७१/०७२) लाई खारेजी लिक्वडेशनमा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मिति २०८३/०५/०७ गतेको बिशेष बैठकले निर्णय गरेकोले यस कम्पनीले तिर्न बेहोर्नु पर्ने ऋण, धन, एवं कोहि कसैको बाँकी बक्यौदा लेनदेन आदि भएमा स-प्रमाण सहित हक दाबि गर्न यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र लिक्वीडेटरको कार्यालय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**श्री श्रवण कुमार श्रेष्ठ/ लिक्विडेटर**
**इजाजत पत्र नं. ४०४/फोन नं. ९८५१२१७००४**

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७५/०५/०३ मा दर्ता कायम भएको **न्हुज कलेक्शन प्रा.लि.** (**प्रा.लि.नं.** १९६४४०/०७५/०७६) लाई खारेजी लिक्वडेशनमा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मिति २०८३/०५/०७ गतेको बिशेष बैठकले निर्णय गरेकोले यस कम्पनीले तिर्न बेहोर्नु पर्ने ऋण, धन, एवं कोहि कसैको बाँकी बक्यौदा लेनदेन आदि भएमा स-प्रमाण सहित हक दाबि गर्न यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र लिक्वीडेटरको कार्यालय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**श्री श्रवण कुमार श्रेष्ठ/ लिक्विडेटर**
**इजाजत पत्र नं. ४०४/फोन नं. ९८५१२१७००४**

**जनउद्धार सेवा समिति टेकु पचलीको सूचना !**

यस समितिको **साधारण सभा** यही मिति २०८३/०६/०४ गते शनिबार बिहान ९:०० बजेदेखि समितिको कार्यालय पचली टेकुमा हुन गइरहेको हुँदा यसै सूचनालाई निमन्त्रणा मानी उपस्थितिको लागि सम्पूर्ण सदस्य महानुभावहरूमा हार्दिक अनुरोध गरिन्छ ।

**सम्पर्क नं. ९८५११५४७४१, ९८४९८२३८६५**

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

**वैदेशिक रोजगार विभागको सार्वजनिक सूचना**

*प्रकाशित मिति २०८३/०५/०९ गते*

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न ईजाजत प्राप्त संस्था **Rosebud Human Resource Pvt. Ltd.** (ई.प.नं.१६६५/०८०/०८१) को सञ्चालक/शेयरधनीले आफ्नो नाममा कायम रहेको शेयरहरू दा.खा.नामसारी गरी पाउन कम्पनी रजिष्ट्रारको कार्यालयका नाममा सहमतिको सिफारिश गरी दिन यस विभागमा निवेदन दिएको हुँदा माग बमोजिम शेयर हक हस्तान्तरण तथा नामसारीको सहमति दिंदा कोही कसैको हक स्वामित्व तथा लेनदेनमा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सबुद प्रमाण सहित वैदेशिक रोजगार विभागको संस्था दर्ता तथा समन्वय शाखामा सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यस विभागको मिति २०८३/०५/०४ को निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग बमोजिम शेयर नामसारीको लागि सहमति भै जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराइन्छ ।

**तपसिल**

| साविकका शेयरधनीहरूको नाम र शेयर सङ्ख्या | अब कायम हुने शेयरधनीहरूको नाम र शेयर सङ्ख्या |
|---|---|
| जय प्रकाश दास ११०००० कित्ता | जय प्रकाश दास ५०००० कित्ता |
| लोकनाथ खनाल ३०००० कित्ता | लोक नाथ खनाल ५०००० कित्ता |
| आर्जु शाही ३०००० कित्ता | मेघ बहादुर राउत ५०००० कित्ता |
| मेघ बहादुर राउत ३०००० कित्ता | गोपाल ठकुरी ५०००० कित्ता |


## आजको राशिफल



**ज्यो. गुरु अनन्त**
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

मंगलबार, ०९ भदौ, २०८३

| राशि | फल |
|---|---|
| मेष | काममा उत्साह बढ्नेछ । आर्थिक लाभको अवसर मिल्न सक्छ । |
| वृष | रोकिएका काम अघि बढ्नेछन् । पारिवारिक वातावरण सुखद रहनेछ । |
| मिथुन | नयाँ जिम्मेवारी प्राप्त हुन सक्छ । बोल्दा संयम अपनाउनु राम्रो । |
| कर्कट | मेहनतको राम्रो परिणाम मिल्नेछ । आर्थिक पक्ष सुदृढ बन्ने संकेत छ । |
| सिंह | काममा सफलता मिल्नेछ । साथीभाइबाट सहयोग प्राप्त हुनेछ । |
| कन्या | नयाँ अवसर प्राप्त हुन सक्छ । अनावश्यक खर्चबाट बच्नुहोस् । |
| तुला | व्यवसायमा प्रगति हुनेछ । महत्वपूर्ण निर्णय लिन अनुकूल समय छ । |
| वृश्चिक | काममा केही चुनौती आउन सक्छन् । धैर्य र विवेकले अघि बढ्नुहोस् । |
| धनु | नयाँ योजना सफल हुने सम्भावना छ । यात्राबाट लाभ मिल्न सक्छ । |
| मकर | आम्दानी बढ्ने अवसर मिल्नेछ । पारिवारिक सहयोग प्राप्त हुनेछ । |
| कुम्भ | रोकिएका काम पूरा हुनेछन् । सामाजिक क्षेत्रमा सम्मान बढ्नेछ । |
| मीन | मनमा उत्साह बढ्नेछ । प्रेम तथा पारिवारिक सम्बन्धमा आत्मीयता कायम हुनेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल ४४१४७९८/४४२७४५२ | |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालयरशववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल | ६६१२२६६ |
| किडनी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

०९ भदौ, २०८३ (२५ अगस्ट २०२६)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ | १५२.८२ | १५३.४२ |
| युरो | १ | १७८.५० | १७९.२० |
| पाउन्ड स्टिर्लङ | १ | २०८.४१ | २०९.२३ |
| स्विस फ्रैन्क | १ | १९०.७९ | १९१.५४ |
| अस्ट्रेलियन डलर | १ | १०९.६६ | ११०.०९ |
| क्यानाडियन डलर | १ | १११.०१ | १११.४४ |
| सिङगापुर डलर | १ | १२०.३६ | १२०.८४ |
| जापानी येन | १० | ९.६१ | ९.६५ |
| चिनियाँ युआन | १ | २२.७४ | २२.८३ |
| साउदी अरब रियाल | १ | ४०.७० | ४०.८६ |
| कतारी रियाल | १ | ४१.९३ | ४२.०९ |
| थाई भाट | १ | ४.६७ | ४.६९ |
| संयुक्त अरब इमिरेट दिराम | १ | ४१.६१ | ४१.७७ |
| मलेसियन रिङेट | १ | ३७.८४ | ३७.९९ |
| दक्षिण कोरियन वन | १०० | ११.०३ | ११.०७ |
| स्विडिस क्रोनर | १ | १६.१४ | १६.२१ |
| डेनिस क्रोनर | १ | २३.८८ | २३.९७ |
| हङकङ डलर | १ | १९.४९ | १९.५७ |
| कुवेती दिनार | १ | ४९८.१९ | ५००.१५ |
| बहराइन दिनार | १ | ४०५.३६ | ४०६.९५ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्याबीधक विनिमय दर बैंकको वेभसाइट www .nrb .org .np मा उपलब्ध हुनेछ ।

# मुख्यमन्त्री कार्कीले पाए विश्वासको मत प्राप्त

**विराटनगर (प्रस)–** कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले सोमबार कोशी प्रदेशसभामा विश्वासको मत प्राप्त गरेका छन् । नेपालको संविधानको धारा १८८ को उपधारा (२) बमोजिम प्रदेशसभाबाट विश्वासको मत प्राप्त गर्न उनले प्रदेशसभा नियमावली, २०७४ को नियम १२८ को उपनियम (४) बमोजिम प्रस्ताव पेस गरेका थिए ।

मुख्यमन्त्री कार्कीको प्रस्तावका पक्षमा नेकपा एमाले र नेपाली कम्युनिस्ट पार्टी (नेकपा) का प्रदेशसभा सदस्यले मत दिए । उनले ५७ मत प्राप्त गरेका छन् । कोशी प्रदेशसभामा एमालेका ४० र नेकपाका १७ सदस्य छन् । विपक्षमा नेपाली कांग्रेसका प्रदेशसभा सदस्यले मतदान गरे । नेपाली कांग्रेसका २९ सदस्य रहेकामा विपक्षमा २२ मत परेको थियो । राष्ट्रिय प्रजातन्त्र पार्टीका सभामुखसहित पाँच सदस्य छन् । उनीहरू तटस्थ बसेका थिए ।

जनता समाजवादी पार्टीकी एकमात्र प्रदेशसभा सदस्य निर्मला लिम्बू सोमबारको सभामा उपस्थित भइनन् भने एक जनाले यसअघि राजीनामा दिइसकेका छन् । विश्वासको मतदान प्रक्रियामा ८३ सदस्य सहभागी भएका थिए ।

# जेन–जीका माग सम्बोधन गर्न विशेष कार्यदल

**काठमाडौं (प्रस)–** जेन-जी आन्दोलनका सहिद परिवार तथा घाइतेका माग सम्बोधन गर्न सरकारले विशेष कार्यदलमार्फत काम अघि बढाउने भएको छ । गृहमन्त्री सुधन गुरुङको अध्यक्षतामा सोमबार उनको कार्यकक्षमा भएको छलफलमा कानुन, न्याय तथा संसदीय मामिलामन्त्री सोविता गौतम, प्रतिनिधिसभा सदस्य, मुख्यसचिव, गृहसचिव तथा जेन-जी आन्दोलनका सहिद परिवार र घाइतेका प्रतिनिधिको सहभागिता थियो ।

छलफलमा गत वर्ष भदौ २३ र २४ गते भएको जेन-जी आन्दोलनका सहिद परिवार तथा घाइतेका माग कार्यान्वयनका लागि मन्त्रिपरिषद्बाट गत मंसिर २४ गते स्वीकृत १० बुँदे सम्झौता तथा गत असार १८ गते स्वीकृत २४ बुँदे प्रस्ताव कार्यान्वयनको अवस्थाबारे विचार आदानप्रदान भएको थियो ।

माग कार्यान्वयनका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयअन्तर्गत सहसचिवको अध्यक्षतामा गठित सहजीकरण समितिलाई जेन-जीसम्बन्धी विषय मात्र कार्यान्वयन गर्ने विशेष कार्यदलका रूपमा जिम्मेवारी तोक्ने निर्णय भएको छ ।

छलफलमा जेन-जी परिषद् घोषणा, जेन-जी सहिद दिवस घोषणा, दौलत थापालाई 'जिउँदो सहिद' घोषणा, २४ बुँदे प्रस्ताव संशोधन, संसद् भवन परिसरमा जेन-जीको शालिक निर्माण तथा जेन-जी पार्क निर्माणलगायत विषयमा विचार आदानप्रदान भएको गृह मन्त्रालयले जनाएको छ ।

# ४० दिनपछि खुल्यो तातोपानी नाका जोड्ने सडक

**सिन्धुपाल्चोक–** पहिरोका कारण ४० दिनदेखि अवरुद्ध चीनसँगको प्रमुख व्यापारिक नाका तातोपानी जोड्ने सडकको इको खण्ड सोमबारदेखि सञ्चालनमा आएको छ ।

भोटेकोशी गाउँपालिका-२ कोदारीस्थित इको क्षेत्रमा गत असार ३१ गते पहिरोसँगै सडक भासिएपछि सडक अवरुद्ध भएको थियो । सडक डिभिजन कार्यालयले नयाँ ट्र्याक खोलेपछि सोमबारदेखि सवारीसाधन यो बाटोमा गुड्न थालेका हुन् । सडक खुलाउन छ वटा टिपर र १२ वटा ठूला मेसिन परिचालन गरिएको थियो ।

'डाक्लाङमा सडक सहज भइसकेको छ । अब इकोमा पनि सडक खोलिएको छ । लिपिङमा पनि मर्मतसम्भार शीघ्र थालिने छ,' उक्त कार्यालयका प्रमुख नारायणदत्त भण्डारीले भने ।

सडक सञ्चालनमा आएसँगै कोदारी बजारमा रोकिएका कन्टेनर भन्सारतर्फ जान थालेका सिन्धुपाल्चोक उद्योग वाणिज्य संघका अध्यक्ष बुद्धराज बस्नेतले बताए । उनका अनुसार लिपिङपारि करिब ८५ कन्टेनर अझै अलपत्र छन् ।

अन्तर्राष्ट्रिय राजमार्ग यति लामो समयदेखि बन्द हुँदा आफूहरूले ठूलो हानि बेहोर्नुपरेको गुनासो गर्दै उनले वर्षा कम भएसँगै बाँकी अवरोध पनि हट्ने र दसैंका लागि सामान आयात गर्न सहज हुने विश्वास व्यक्त गरे ।

भोटेकोशी गाउँपालिका-२ का वडाध्यक्ष कुमार श्रेष्ठका अनुसार बाह्रबिसे-तातोपानी सडकको २६ किलोमिटर खण्डमा वर्षायाममा पटक-पटक पहिरो जाने र सडक भासिने समस्या दोहोरिँदै आएको छ । इकोमा सडक खुले पनि लिपिङको समस्या समाधान नभएसम्म नाका सहजरूपमा सञ्चालन हुननसक्ने उनले बताए । *रासस*

# संक्रामक पशुरोग नियन्त्रण गर्न विधेयकको मस्यौदा तयार



**काठमाडौं–** कृषि, वन तथा पर्यावरणमन्त्री गीता चौधरीले संक्रामक पशुरोग नियन्त्रण गरी अर्थतन्त्रमा हुने अर्बौंको क्षति रोक्न संक्रामक पशुरोग नियन्त्रण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक मस्यौदा तयार गरिएको बताएकी छन् ।

राष्ट्रियसभाअन्तर्गत विधायन व्यवस्थापन समितिको सोमबारको बैठकमा उक्त विधेयक सैद्धान्तिक छलफलका लागि पेस गर्दै मन्त्री चौधरीले रोगले अर्थतन्त्रमा पार्ने नकारात्मक असरलाई कम गर्न विधेयक ल्याउनुपरेको बताइन् । 'बर्ड फ्लु', 'लम्पी स्किन' जस्ता रोगले पशु निर्यातमा पनि समस्या भएकाले यो कानुन बनेपछि समाधान हुने उनले विश्वास व्यक्त गरिन् ।

चीनमा भैंसीको मासु निर्यात गर्ने सम्झौता भइसकेकामा संक्रामक पशुरोगका कारण रोकिएको मन्त्री चौधरीले जानकारी दिइन् । यो कानुन बनेपछि पशु स्वास्थ्यका साथै मानव स्वास्थ्यमा पनि सकारात्मक प्रभाव पर्ने आशा गरिएको उनले बताइन् । सांसदका सुझावलाई समेटेर विधेयक अघि बढाइने उनले प्रतिबद्धता जनाइन् ।

समितिका सभापति कृष्णबहादुर रोकायाले सांसदहरूले दिएका सैद्धान्तिक सुझावलाई मन्त्रालयले अध्ययन गरी विधेयक अघि बढाउनुपर्ने बताए । भदौ १० गते विषयविज्ञ र सरोकार भएका निकायका प्रतिनिधिलाई बोलाएर बैठक गरिने उनले जानकारी दिए ।

बैठकमा राष्ट्रिय सभाका सदस्य सुरेशकुमार आलेमगरले असंक्रामक रोगको विषय पनि विधेयकमा समेटिनुपर्ने बताए । कानुन बनेपछि कार्यान्वयनका लागि बजेटको व्यवस्था गरिनुपर्नेमा उनले जोड दिए ।

सदस्य प्रेमप्रसाद दंगालले कृषिप्रधान देशमा दशकौंअघि आउनुपर्ने कानुन मस्यौदा भएर प्रक्रिया अघि बढेकाले अन्तर्राष्ट्रियस्तरमा व्यापार बढाउने क्षेत्र पशुपालन फस्टाउने विश्वास व्यक्त गरे । आर्थिक वर्ष २०७९/८० मा आएको लम्पी स्किनले ७९ अर्ब रूपैयाँको क्षति गरेको जनाउँदै उनले यो कानुन बनेपछि प्रभावकारी कार्यान्वयन भएमा समस्या समाधान हुने बताए ।

सदस्य श्रीकृष्णप्रसाद अधिकारीले क्षतिपूर्तिको विषयलाई कानुनीरूपमा सरलीकरण गरी राख्नुपर्ने बताए । सदस्य विष्णुबहादुर विश्वकर्माले रोग नियन्त्रणमा प्रदेश र स्थानीय तहको भूमिका पनि प्रस्ट बनाइनुपर्ने गरी व्यवस्था गर्न माग गरे ।

सदस्य पदमबहादुर परियारले विधेयकमा 'एनिमल बायो सेफ्टी स्टाण्डर्ड' पनि थप्नुपर्ने बताए । एकीकृत पशुरोग सूचना प्रणालीको विकास गर्ने गरी विधेयकमा व्यवस्था गरिनुपर्नेमा पनि उनले जोड दिए । सदस्य घनश्याम रिजालले २०७८ सालमा सैद्धान्तिक स्वीकृति पाएको विधेयक पाँच वर्ष थन्किएकाले अब कानुन बनाएर कार्यान्वयन गरिनुपर्ने बताए ।

सदस्य भुवनबहादुर सुनारले पीडित किसानले क्षतिपूर्ति पाउनेगरी कानुन बन्नुपर्नेमा ध्यानाकर्षण गराए । सदस्य धर्मेन्द्र पासवानले विधेयकलाई संघीयताको मर्मबमोजिम परिमार्जन गर्न माग गरे । सदस्य खम्बबहादुर खातीले पशुरोगका सन्दर्भमा संघ, प्रदेश र स्थानीय तहबीच समन्वय गर्ने व्यवस्था गरिनुपर्ने बताए । सदस्य अञ्जान शाक्यले कृषि अर्थतन्त्र बलियो हुनेगरी कानुन बनाउनुपर्ने बताए । *रासस*

# बालविकास सहजकर्ता बोहराविरुद्ध मुद्दा

**काठमाडौं (प्रस)–** नक्कली शैक्षिक योग्यताको प्रमाणपत्र पेस गरी बालविकास सहजकर्ता पदमा नियुक्ति लिएको आरोपमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले डडेलधुराकी मञ्जुदेवी बोहराविरुद्ध विशेष अदालतमा आरोपपत्र दायर गरेको छ ।

आयोगका अनुसार डडेलधुराको आलिताल गाउँपालिका-५ स्थित भगवती प्राथमिक विद्यालय, पर्सेरावलमा बालविकास सहजकर्ताका रूपमा कार्यरत बोहराले नियुक्तिका क्रममा भारतको उत्तर प्रदेश माध्यमिक शिक्षा परिषद्बाट सन् २०१० मा हाईस्कुल परीक्षा उत्तीर्ण गरेको देखाउने नक्कली लब्धांकपत्र र प्रमाणपत्र पेस गरेको अनुसन्धानबाट पुष्टि भएको छ ।

नक्कली शैक्षिक प्रमाणपत्र पेस गरी बालविकास सहजकर्ता पदमा नियुक्ति लिई बहाल रही पारिश्रमिक, भत्तालगायतका लाभ तथा सुविधा लिएको देखिएकाले बोहराको कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिमको कसुर भएको आयोगले जनाएको छ ।

आयोगले सोही कसुरमा कानुनबमोजिम कैद र जरिवानाको सजाय हुन मागदाबी गर्दै सोमबार विशेष अदालतमा आरोपपत्र दायर गरेको हो ।


## सार्वजनिक सुनुवाई सम्बन्धी सूचना

**देउराली डाँडाकटेरी खनदह रतनमारे हंसपुर दोबाटा प्यूठान मोटरबाटो निर्माणको लागि प्रारम्भिक वातावरणीय परीक्षणको प्रतिवेदन तयारीको सिलसिलामा सार्वजनिक सुनुवाई कार्यक्रम सम्बन्धी सूचना**

*(वातावरण संरक्षण नियमावली, २०७७ को नियम ७ बमोजिम)*

**(प्रथम पटक सूचना प्रकाशित मिति : २०८३/०५/०९)**

मालारानी गाउँपालिकाद्धारा लुम्बिनी प्रदेश, अर्घाखाँची जिल्ला, मालारानी गाउँपालिका वडा नं १, २, ३, ६ र ८ मा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | मालारानी गाउँपालिका<br>गाउँ कार्यपालिकाको कार्यालय<br>खनदह, अर्घाखाँची<br>फोन नं .: ९८०४०६६४३२<br>ईमेल : malaraniruralmun@gmail.com |
| **प्रस्तावको व्योहोरा** | लुम्बिनी प्रदेश, अर्घाखाँची जिल्ला, मालारानी गा.पा., वडा नं.१, २, ३, ६ र ८ मा पर्ने देउराली डाँडाकटेरी खनदह रतनमारे हंसपुर दोबाटा प्यूठान मोटरबाटो निर्माण र स्तरौन्नती गरिनेछ । |
| **प्रभाव पर्ने प्रदेश / जिल्ला / गा.पा./न.पा.** | लुम्बिनी प्रदेश, अर्घाखाँची जिल्ला, मालारानी गा.पा, वडा नं.१, २, ३, ६ र ८ |

माथि उल्लिखित प्रस्तावको बारेमा वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ को उपदफा (५) र वातावरण संरक्षण नियमावली, २०७७ को नियम ७ बमोजिम निम्न मिति, समय र स्थानमा हुन गइरहेको सार्वजनिक सुनुवाई कार्यक्रममा उपस्थित भई आ-आफ्नो रायसुझाव उपलब्ध गराईदिनहुन सम्पूर्ण सरोकारवाला सघं-संस्था र व्यक्तिहरुमा हार्दिक अनुरोध गरिन्छ ।
सार्वजनिक सुनुवाई कार्यक्रम हुने मिति, समय र स्थान

| मिति | समय | स्थान |
|---|---|---|
| २०८३/५/१५ | बिहान १० बजे देखि | मालारानी गा.पा. वडा नं १, २, ३, ६ र ८ को वडा कार्यालय |



## कुवेतमा रोजगार
कम्पनी : CREATION BURGER RESTAURANT
पूर्व स्वीकृति मिति : २०८२/०८/०३ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०५/०८ | LT. No. 333930 | चलानी नं. ६०२४७६०९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waitresses | 0 | 12 | 140 | ६९,५७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | BAKERY CHEF | 2 | 0 | 180 | ८९,४५० | | | | | | | |
| 3 | LINE COOKS | 6 | 0 | 150 | ७४,५५५ | | | | | | | |
| 4 | Cleaners (Indoor) | 4 | 0 | 120 | ५९,६३५ | | | | | | | |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ भदौ १६ गते (1st Sep. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Omega International Pvt. Ltd.**
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com
Govt. License No. 1352/074/075



## युएइमा रोजगार
कम्पनी : Bhatia General Contracting Co. LLC
पूर्व स्वीकृति मिति : २०८३/०५/०८ | LT. No. 346899 | चलानी नं. ६०२६०२०९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | ASSIST. ELECTRICIAN | 40 | 0 | 1200 | ५०,१०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Asst Welder | 40 | 0 | 1200 | ५०,१०५ | | | | | | | |
| 3. | electrician /electric | 30 | 0 | 1500 | ६२,६३० | | | | | | | |
| 4. | HELPER BUILDING BRICK | 20 | 0 | 1200 | ५०,१०५ | | | | | | | |
| 5. | Painter - Plaster Worker | 20 | 0 | 1500 | ६२,६३० | | | | | | | |
| 6. | Plumber (Pipe Fitter) | 20 | 0 | 1500 | ६२,६३० | | | | | | | |
| 7. | Steal Fixer | 30 | 0 | 1500 | ६२,६३० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: AKH Training Center काठमाडौंमा मिति: २०८३ भदौ १६ गते (1st Sep. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

ASIA LINK Services Pvt. Ltd. श्रम ईजाजत नं ११९/०५५/०५६
**ASIA LINK SERVICES PVT. LTD.**
Bansbari, Kathmandu, Nepal, Tel: +977-01-5903260, Phone No : 985-1116133, 9851330547, 9851330557, E-mail: info@asialinkservices.com.np, Website: www.asialinkservices.com



## मलेसियामा रोजगार
कम्पनी : UNCLE XIAN NOODLES SDN BHD
पूर्व स्वीकृति मिति : २०८२/१२/११ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०५/०८ | LT. No. 340211 | चलानी नं. ६०२५३६४३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Resturant Worker | 10 | 0 | 1700 | ६४,४१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छैन | २ वर्ष |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ भदौ १६ गते (1st Sep. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**ARCTIC OVERSEAS PVT. LTD. (Artic International Pvt Ltd.)**
Badri Colony, Sukedhara, Kathmandu, Nepal, Contact: +977-01-4376112
E-mail : arcticinternational09@gmail.com
Govt. License No. 1781/082/083



## ओमनमा रोजगारको अवसर
**Free Visa!! Free Ticket!!**
कम्पनी : AL SIRAJ HOSPITALITY MANAGEMENT SERVICES LLC
पूर्व स्वीकृति मिति : २०८३/०३/२३ | पुन: विज्ञापन स्वीकृति मिति : २०८३/०५/०७ | LT. No. 344546 | चलानी नं. ६०२५७८४४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव OR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Baker General | 2 | 0 | 150 | ५९,६८१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cook - Asian | 10 | 0 | 150 | ५९,६८१ | | | | | | | |
| 3. | Cook (Western & Indian) | 6 | 0 | 150 | ५९,६८१ | | | | | | | |
| 4. | Food Waiter/server | 12 | 8 | 150 | ५९,६८१ | | | | | | | |
| 5. | Juice Makers | 2 | 0 | 150 | ५९,६८१ | | | | | | | |
| 6. | Kitchen Steward/botltewasher/general Cleaner | 5 | 0 | 120 | ४७,७४५ | | | | | | | |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ भदौ १५ गते (31st Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने | भिषा शुल्क कसले दिने | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क: | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००/- रोजगारदाता कम्पनीले | नि:शुल्क | रु.७००/- रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १. भिषा प्राप्त भएको सुनिश्चित गर्न एजेन्सीमा सम्पर्क गर्नुहोस् । २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३.यस विज्ञापन (सूचना)मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५.विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुविधार अन्य शर्तबारे राम्रो संग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६.काममा विदेश जादा नेपालकै बिमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

VISION & VALUE
**VISION & VALUE OVERSEAS PVT. LTD.**
Dhapasi Marg, Basundhara, Kathmandu, Nepal, Tel- +977-4379749, 4379162, 43379450, Tribhuban Sen Mobile No. 9767659355, E-mail : apply@vnvnepal.com | URL: www.vnvnepal.com
श्रम ईजाजत नं. ८२२/०६६/०६७



## युएइमा रोजगार
कम्पनी : RAK CLEANING SOLUTIONS LLC
पूर्व स्वीकृति मिति : २०८१/१२/१७ | पुन: विज्ञापन स्वीकृति मिति : २०८३/०५/०८ | LT. No. 321329 | चलानी नं. ६०२३५४१८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner General | 64 | 91 | 800 | ३३,४०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति २०८३ भदौ १६ गते (1st Sep. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**ALI OVERSEAS PVT. LTD.**
Samakhusi-3, Ranibari, Kathmandu, Nepal Phone : +977-1-4960155, 4960188, Gulab Chaudhary 9765979274
E-mail : recruitment.alioverseas@gmail.com, info@alioverseas.com.np, Website : www.alioverseas.com.np
Govt. License 722/064/065



## साउदीमा रोजगार
कम्पनी : AL MATIN INTERNATIONAL FOR PLASTIC INDUSTRIES.
पूर्व स्वीकृति मिति : २०८३/०४/१८ | LT. No. 346007 | चलानी नं. ६०२६०१७३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading And Unloading Worker | 10 | 0 | 1000 | ४०,७३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ भदौ १६ गते (1st Sep. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धी व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Nasser Outsourcing Consultants Pvt. Ltd.**
श्रम ईजाजत नं. ६१९/०६३/०६४
Ratopool-9, Kathmandu, Nepal, Tel: +977-1-4465090 (6 Line), Email: nocnepal@nassers.org



## साउदीमा रोजगार
कम्पनी : WORLD GREEN ENGINEERING & CONTRACTING CO.
पूर्व स्वीकृति मिति : २०८३/०५/०८ | LT. No. 346953 | चलानी नं. ६०२६०१६१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labour | 10 | 0 | 1000 | ४०,७८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ भदौ १७ गते (2nd Sep. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धी व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Go Source Placement Services Pvt.ltd.(Avion Human Resource Management Pvt. Ltd.)**
श्रम ईजाजत नं. १५२४/०७४/७५
Sinamangal-9, (Airport Gate) Kathmandu, Nepal. , Tel No.: +977-1 4599632, 9801000593, 9801000591, Email: avionhumanrm@gmail.com, Website: www.gosourceplacementservices.com



## ओमनमा रोजगार
कम्पनी : AL ASAAD TRADING SPC
पूर्व स्वीकृति मिति : २०८३/०५/२१ | LT. No. 346949 | चलानी नं. ६०२६०१५३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव OR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Public Cleaner | 3 | 0 | 100 | ३९,८८३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ भदौ १६ गते (1st Sep. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Max Employment Center Pvt. Ltd.**
Bijay Chowk-9 Kathmandu, Nepal
Mobile No. Santosh (9813663119), Nanu (9700810329), Resham (9851408480)
Email: maxecenter@gmail.com /www.maxecenter.com
श्रम ईजाजत नं. १५३१/०७८/०७९



## साउदीमा रोजगार
कम्पनी : AUFAZ CATERING SERVICES COMPANY
पूर्व स्वीकृति मिति : २०८३/०५/०८ | LT. No. 346991 | चलानी नं. ६०२६०१७८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaning Worker (Kitchen) | 23 | 0 | 1400 | ५७,०९३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ भदौ १६ गते (1st Sep. 2026) मा हुनेछ ।
**यस कम्पनीको लागि इन्डीयन कुक (Indian Cook), चाईनिजक कुक (Chinese Cook) हरूको पनि आवश्यकता छ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**MANISPOWER OVERSEAS EMPLOYMENT AND PROMOTER PRIVATE LIMITED**
Kathmandu, Nepal, Tel: 01-4547203/04, Umesh Thapa 9841251569
Govt. License No. 1694/081/082



## साउदीमा रोजगार
कम्पनी : FAISAL FAHAD HUSSEIN AL-KARI TRANSPORT COMPANY IS A ONE-PERSON COMPANY.
पूर्व स्वीकृति मिति : २०८३/०२/११ | पुन: विज्ञापन स्वीकृति मिति : २०८३/०५/०८ | LT. No. 339519 | चलानी नं. ६०२६०१७७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner General | 2 | 0 | 1000 | ४०,७८१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Heavy Equipment Operator | 1 | 0 | 2500 | १,०१,९५१ | | | | | | | |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ भदौ १६ गते (1st Sep. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**LION RECRUITMENT SERVICES PVT.LTD**
Sinamangal-9, Kathmandu, Nepal, Tel: +977-1-4534699, 984-0510091, 984-9384549
Email ID: lionrecruitment1770@gmail.com, Web: www.lion-recruitmentservices.com
Govt. License 1770/081/082



## कतारमा रोजगार
कम्पनी : B O T CONTRACTING AND HOSPITALITY SERVICES
पूर्व स्वीकृति मिति : २०८३/०५/०५ | LT. No. 346873 | चलानी नं. ६०२६०१३८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Receptionist | 0 | 2 | 1500 | ६३,१०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cleaner Public | 0 | 6 | 1000 | ४२,०६७ | | | | | | | |
| 3. | Supervisor (Gulf Return) | 3 | 0 | 2500 | १,०५,१६७ | | | | | | | |
| 4. | Office Cleaner | 0 | 2 | 1000 | ४२,०६७ | | | | | | | |
| 5. | Labourer, Dry Cleaning | 0 | 6 | 1000 | ४२,०६७ | | | | | | | |

कम्पनी : M S GULF FIR HOSPITALITY AND CONTRACTING
पूर्व स्वीकृति मिति : २०८३/०५/०८ | LT. No. 346872 | चलानी नं. ६०२६०१६५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer (Male) | 2 | 0 | 1000 | ४२,०६७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Drivers | 2 | 0 | 1800 | ७५,७२० | | | | | | | |
| 3. | Office Cleaner | 1 | 0 | 1000 | ४२,०६७ | | | | | | | |
| 4. | Sales Employee | 0 | 2 | 1500 | ६३,१०० | | | | | | | |

कम्पनी : MNT CONTRACTING AND CLEANING
पूर्व स्वीकृति मिति : २०८३/०५/०५ | LT. No. 346870 | चलानी नं. ६०२६०१३७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Toilet Cleaner | 1 | 12 | 1000 | ४२,०६७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Receptionist | 0 | 3 | 1500 | ६३,१०० | | | | | | | |
| 3. | Cleaner Public | 0 | 5 | 1000 | ४२,०६७ | | | | | | | |
| 4. | Foreman (Gulf Return) | 2 | 0 | 2500 | १,०५,१६७ | | | | | | | |
| 5. | Supervisor (Female) | 0 | 2 | 2500 | १,०५,१६७ | | | | | | | |
| 6. | Supervisor (Male) | 2 | 0 | 2500 | १,०५,१६७ | | | | | | | |
| 7. | Cleaner (Hotel) | 2 | 21 | 1000 | ४२,०६७ | | | | | | | |
| 8. | Office Cleaner | 4 | 3 | 1000 | ४२,०६७ | | | | | | | |
| 9. | Labourer, Dry Cleaning | 2 | 8 | 1000 | ४२,०६७ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ भदौ १६ गते (1st Sep. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1408/074/75
**LEADER OVERSEAS PVT.LTD.**
Samakhusi-26, Kathmandu, BAGMATI, Ph No.01-495039, *Email :leaderoverseas2018@gmail.com*



## ओमनमा रोजगार
कम्पनी : OASIS GRACE LLC
पूर्व स्वीकृति मिति : २०८३/०५/८ | LT. No. 346961 | चलानी नं. ६०२६०१४६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव OR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Brick Layer | 5 | 0 | 120 | ४७,८६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | General Builder | 10 | 0 | 100 | ३९,८८३ | | | | | | | |
| 3. | General Buildings Joiner | 5 | 0 | 120 | ४७,८६० | | | | | | | |
| 4. | Tile Setter | 5 | 0 | 120 | ४७,८६० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ भदौ १६ गते (1st Sep. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Shahi Global Careers Pvt. Ltd.**
Satdobato Chowk-15, Lalitpur, Nepal, Phone No : 01-15151025, Contact Person Nirak Shahi (9864475220)
E-mail: Shahigcareers@gmail.com,www.shahicareers.com
श्रम ईजाजत नं. १२९८/७४/७५

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

## कानुनको कडाइः अक्षरमा होइन, व्यवहारमा

**बलात्कारजस्ता जघन्य अपराधविरुद्ध नेपालमा कानुन नै नभएको होइन । मुलुकी अपराध संहिता, २०७४ ले पीडितको उमेर र अपराधको प्रकृति हेरेर कठोर सजायको व्यवस्था गरेको छ । तर, कानुनका पानामा सजाय जतिसुकै कडा लेखिए पनि सडक र समाजमा अपराध घटेको छैन । त्यसैले अहिले संसद् र सार्वजनिक वृत्तको बहस 'सजायको अवधि कति बढाउने ?' भन्नेमामात्र सीमित हुनु हुँदैन । बरु, मौजुदा कानुन कति प्रभावकारीरूपमा कार्यान्वयन भइरहेको छ भन्ने विषयमा गम्भीर समीक्षा हुनु आवश्यक छ ।**

**अपराधी संविधानको धारा वा कानुनका अक्षर देखेर डराउँदैन, कानुनको कडाइपूर्वक कार्यान्वयनबाट डराउँछ । जब अपराध हुनासाथ अपराधी पक्राउ पर्छ, निष्पक्ष र विश्वसनीय अनुसन्धान हुन्छ, शीघ्र मुद्दा चल्छ र अदालतबाट पीडितको पक्षमा न्याय निरूपण भई तोकिएको सजाय कार्यान्वयन हुन्छ, तबमात्र कानुनको डर स्थापित हुन्छ । अनुसन्धान, अभियोजनदेखि न्याय निरूपणसम्मका कुनै पनि चरणमा चलखेल वा कमजोरी भयो भने सिंगो न्याय प्रणालीमाथि नै प्रश्न उठ्छ । निर्मला पन्तको घटना यसको ज्वलन्त उदाहरण हो, जहाँ वर्षौंसम्म अपराधी पहिचान हुन नसक्दा नागरिकको राज्यप्रतिको विश्वास नै खस्किएको छ ।**

**संसद्मा मृत्युदण्डको माग उठ्नु नागरिक र जनप्रतिनिधिको आक्रोशको अभिव्यक्ति हो । तर, संविधानले नै मृत्युदण्डलाई निषेध गरेको वास्तविकतालाई बिर्सन मिल्दैन । त्यसैले भावनात्मक आक्रोशभन्दा माथि उठेर कानुनी र संवैधानिक ढाँचामै व्यावहारिक समाधान खोजिनुपर्छ । अध्ययनले मौजुदा सजाय अपर्याप्त वा कानुनमा छिद्रहरू देखाउँछ भने सरकारले मुलुकी अपराध संहिता, २०७४ लाई तत्काल संशोधन गरी अझ स्पष्ट र कठोर बनाउनुपर्छ ।**

**तर, कानुन संशोधनमात्रै अन्तिम उपाय होइन । अनुसन्धान प्रणालीलाई बलियो बनाउन प्रहरीलाई आवश्यक स्रोत, आधुनिक प्रविधि र विशेषज्ञता दिनु आवश्यक छ । सबैभन्दा महत्त्वपूर्ण कुरा, बलात्कारका मुद्दामा हुने राजनीतिक दबाब, पहुँच र चलखेलको पूर्ण अन्त्य हुनुपर्छ । घटना घटेका केही दिन आक्रोश पोख्ने र पछि बिर्सने प्रवृत्तिको सट्टा संसद्को बहसलाई ठोस परिणाममा ढाल्नुपर्छ ।**

**गरिमा चौधरीजस्ता बालिकाहरूको सुरक्षाका लागि राज्यले अब भाषण होइन, परिणाम दिनुपर्छ । बलात्कार रोक्ने र पीडितलाई न्याय दिलाउने अन्तिम जिम्मेवारी राज्यकै हो । त्यसैले आजको मुख्य प्रश्न 'कानुन कति कडा छ ?' भन्नेमात्र होइन, 'त्यो कानुन कति निष्पक्ष, प्रभावकारी र निर्कम्पन रूपमा लागू हुन्छ ?' भन्ने हो । सरकार र संसद्ले यही प्रश्नको उत्तर खोज्दै कानुनी र संरचनात्मक सुधारका लागि तत्काल कदम चाल्नुपर्छ ।**

# राजसंस्थाको बहसः लोकतन्त्रको विकल्प होइन, एकताको आधार



❑ राजकुमार जोशी

नेपालको राजनीति यतिबेला सामान्य सत्ता परिवर्तन, सरकार निर्माण वा दलहरूबीचको अंकगणितमामात्र सीमित छैन । राजनीतिक प्रणालीकै कार्यक्षमता, नेतृत्वको विश्वसनीयता र राज्य सञ्चालनको चरित्रमाथि नागरिक तहबाट गम्भीर प्रश्न उठिरहेका छन् । पटक-पटकका राजनीतिक परिवर्तनपछि पनि जनजीवनमा अपेक्षित सुधार नआउनु, भ्रष्टाचार नियन्त्रण हुन नसक्नु, बेरोजगारीका कारण युवा पलायन तीव्र हुनु, सार्वजनिक संस्थाहरूमा दलीय प्रभाव बढ्नु र राष्ट्रिय मुद्दामासमेत राजनीतिक शक्तिहरूबीच साझा दृष्टिकोण बन्न नसक्नुले मुलुकलाई गम्भीर राजनीतिक आत्मसमीक्षाको मोडमा ल्याइपुऱ्याएको छ ।

नेपालले पछिल्ला दशकमा धेरै पटक व्यवस्था बदलियो, संविधान फेरियो, शासकीय संरचना र नेतृत्वका अनुहार पनि पटक-पटक फेरबदल हुँदै आए । तर जनताको आधारभूत प्रश्न अझै उही छ- व्यवस्था बदलिँदा देश र नागरिकको अवस्था किन अपेक्षितरूपमा बदलिन सकेन ? यही प्रश्नसँगै अहिलेको राजनीतिक प्रणाली, यसको कार्यशैली र विकल्पबारे बहस हुनु अस्वाभाविक होइन । यसै पृष्ठभूमिमा राजसंस्थाको पुनर्स्थापना, सनातन हिन्दू राष्ट्र, प्रत्यक्ष निर्वाचित कार्यकारीदेखि विद्यमान शासकीय संरचनाको व्यापक सुधारसम्मका आवाज राजनीतिक वृत्तमा सुनिन थालेका छन् ।

विशेषगरी राजसंस्थाको पुनर्स्थापनाको बहसलाई केवल विगत फर्काउने चाहना वा निरंकुश शासनको पुनरावृत्तिका रूपमा व्याख्या गरेर पन्छाउन सकिँदैन । नेपालको इतिहासमा राजसंस्था राज्यको ऐतिहासिक निरन्तरता, राष्ट्रिय एकीकरण, सांस्कृतिक पहिचान र राष्ट्रिय स्वाधीनताको प्रतीकका रूपमासमेत जोडिएको संस्था हो । अहिले उठिरहेको मुख्य प्रश्न निरंकुश राजतन्त्र पुनर्स्थापित गर्नेभन्दा पनि जनतामा सार्वभौमसत्ता निहीत रहनेगरी लोकतान्त्रिक र संवैधानिक सीमाभित्र एउटा गैरदलीय तथा साझा राष्ट्रिय संस्थाको आवश्यकता छ कि छैन भन्ने हो । दलहरू सरकार र प्रतिपक्षमा बदलिइरहन्छन् ।

प्रधानमन्त्री, मन्त्री र राजनीतिक समीकरण फेरिइरहन्छन् । तर राष्ट्रको ऐतिहासिक निरन्तरता, सार्वभौमिकता र राष्ट्रिय एकताको प्रतिनिधित्व गर्ने संस्था दैनिक दलगत प्रतिस्पर्धाभन्दा माथि रहनुपर्छ भन्ने तर्कलाई राजनीतिक पूर्वाग्रहबाट होइन, राष्ट्रिय आवश्यकताको दृष्टिले परीक्षण गरिनुपर्छ । वर्तमान राजनीतिक अभ्यासले एउटा कटु यथार्थ देखाएको छ- सरकार परिवर्तन हुँदा केवल मन्त्री फेरिँदैनन्, राज्यका प्राथमिकता, नियुक्ति, नीति र प्रशासनिक शक्ति सन्तुलनसमेत फेरिने अवस्था सिर्जना भएको छ । संवैधानिक निकायदेखि विश्वविद्यालय, सार्वजनिक संस्थान र प्रशासनसम्म दलीय भागबण्डाको आरोप लागिरहनु लोकतन्त्रको स्वस्थ संकेत होइन ।

लोकतन्त्रको अर्थ दलहरूको निर्बाध प्रभुत्व होइन, लोकतन्त्रको सार जनताको सार्वभौम अधिकार, विधिको शासन, जवाफदेही सरकार र निष्पक्ष राज्य संयन्त्र हो । त्यसैले राजसंस्थाको पुनर्स्थापनाबारे बहस हुँदा त्यसलाई लोकतन्त्रको विकल्प होइन, लोकतान्त्रिक संरचनाभित्र राष्ट्रिय एकता र निरन्तरताको सम्भावित आधारका रूपमा हेर्ने दृष्टिकोण पनि बहसमा आउनुपर्छ । अहिले विश्वका अन्य राष्ट्रहरू बेलायत, जापानलगायतका संवैधानिक राजतन्त्र भएका मुलुकको नक्कल नेपालले गर्नुपर्छ भन्ने होइन । नेपालको इतिहास, भूगोल, संस्कृति र राजनीतिक अनुभवअनुकूल मौलिक संरचना कस्तो हुनसक्छ भन्ने प्रश्न नेपाली जनताले नै निर्धारण गर्नुपर्छ । त्यसको अन्तिम निर्णय सडकको शक्ति प्रदर्शन, दलविशेषको घोषणापत्र वा कुनै व्यक्तिको इच्छाबाट होइन, लोकतान्त्रिक विधि, जनअभिमत र व्यापक राष्ट्रिय सहमतिबाट हुनुपर्छ ।

नेपालको भविष्यसँग जोडिएको अर्को निर्णायक प्रश्न राष्ट्रियता हो । दुई विशाल छिमेकीबीच रहेको नेपालले आफ्नो भूराजनीतिक संवेदनशीलता बुझेर सन्तुलित, परिपक्व र राष्ट्रिय हितमा आधारित परराष्ट्र नीति सञ्चालन गर्न सक्नुपर्छ । सरकार फेरिएसँगै विदेश नीतिको प्राथमिकता बदलिने, आन्तरिक राजनीतिक प्रतिस्पर्धामा बाह्य शक्तिको समर्थन खोजिएको आशंका उत्पन्न हुने वा राष्ट्रिय मुद्दासमेत दलगत दृष्टिकोणबाट व्याख्या गरिने अवस्था मुलुकका लागि हितकर हुँदैन । राष्ट्रवाद भनेको कुनै छिमेकी वा विदेशी शक्तिको विरोध होइन । वास्तविक राष्ट्रवाद नेपालको स्वतन्त्र निर्णय क्षमता, सार्वभौमसत्ता, भूगोल, प्राकृतिक स्रोत, इतिहास, संस्कृति र नेपाली नागरिकको हितलाई सर्वोच्च स्थान दिनु हो । विश्वसँग मित्रता चाहिन्छ, वैदेशिक लगानी चाहिन्छ, प्रविधि र अन्तर्राष्ट्रिय सहकार्य चाहिन्छ, तर राष्ट्रिय हित कमजोर पारेर प्राप्त हुने सहयोग दीर्घकालीन समृद्धिको आधार बन्न सक्दैन ।

राष्ट्रियताको प्रश्नसँग नेपालको सनातन सभ्यता र सांस्कृतिक पहिचान पनि अभिन्न रूपमा जोडिएको छ । पशुपतिनाथदेखि मुक्तिनाथ, जनकपुरदेखि देवघाट, बराहक्षेत्रदेखि हलेसी र गाउँ-गाउँका मठमन्दिर, जात्रा, पर्व, संस्कार तथा परम्पराले नेपालको हजारौं वर्ष पुरानो सभ्यताको परिचय दिन्छन् । हिन्दू र बौद्ध सभ्यताको सहअस्तित्व तथा विभिन्न जातजाति र समुदायका मौलिक संस्कृतिले नेपाललाई विशिष्ट बनाएका छन् । सनातन संस्कृतिको संरक्षण गर्नु भनेको अरू धर्मको अधिकार संकुचित गर्नु होइन । सबै धर्मको स्वतन्त्रताको सम्मान गर्दै नेपालको मौलिक सभ्यताको संरक्षण गर्न सकिन्छ ।

आधुनिक बन्न आफ्नो इतिहास र सांस्कृतिक जरा त्याग्नुपर्छ भन्ने सोच आफैंमा गलत हो । राज्यको पहिलो परीक्षा सुशासनमा हुन्छ । भ्रष्टाचार, राजनीतिक संरक्षणवाद, सार्वजनिक संस्थाको दलीयकरण, बिचौलियाको प्रभाव र दण्डहीनताले राज्यप्रतिको जनविश्वास कमजोर बनाएको छ । भ्रष्टाचारविरुद्धको कारबाही राजनीतिक प्रतिशोधको हतियार वा सत्ता समीकरण मिलाउने माध्यम बन्नु हुँदैन । पूर्वप्रधानमन्त्री होस् वा मन्त्री, उच्च कर्मचारी होस् वा प्रभावशाली व्यवसायी- प्रमाणले दोषी देखाउँछ भने कानुन सबैका लागि समानरूपमा लागू हुनुपर्छ ।

त्यसैगरी न्यायालय नागरिकको अन्तिम भरोसा हो । न्यायाधीश नियुक्तिदेखि न्याय सम्पादनसम्म राजनीतिक प्रभावको आशंका उत्पन्न हुनु लोकतन्त्रका लागि खतरनाक हुन्छ । न्याय ढिलो हुनु, पहुँचका आधारमा न्याय फरक भएको अनुभूति हुनु वा संवैधानिक निकायप्रति नै अविश्वास बढ्नु राज्य कमजोर हुँदै गएको संकेत हो । राजा होस् वा राष्ट्रपति, प्रधानमन्त्री होस् वा मन्त्री- कानुनभन्दा माथि कोही हुन सक्दैन । भविष्यमा संवैधानिक राजसंस्थाको व्यवस्था भए पनि त्यसको अधिकार, दायित्व र सीमा संविधानले स्पष्ट निर्धारण गर्नुपर्छ । देशको राजनीतिक स्थायित्व अन्ततः आर्थिक परिणामसँग पनि जोडिन्छ ।

जनताले राजनीतिक व्यवस्था केवल संविधानका धाराबाट होइन, आफ्नो रोजगारी, आम्दानी, शिक्षा, स्वास्थ्य र भविष्यबाट मूल्यांकन गर्छन् । आज ठूलो संख्यामा युवा रोजगारी र अवसरका लागि विदेसिन बाध्य छन् । अर्थतन्त्र आयात, उपभोग र विप्रेषणमा अत्यधिक निर्भर छ । कृषि उत्पादन, उद्योग, पर्यटन, ऊर्जा र प्रविधिको सम्भावना हुँदाहुँदै पनि राज्यले दीर्घकालीन आर्थिक दिशा समात्न सकेको छैन । नेपालसँग जलस्रोत, वन, जडीबुटी, कृषि, जैविक विविधता, धार्मिक तथा साहसिक पर्यटन र अन्य प्राकृतिक स्रोतको विशाल सम्भावना छ । जलविद्युत्लाई केवल बिजुली बेच्ने साधन होइन, उद्योग, सिँचाइ, विद्युतीय यातायात र उत्पादनसँग जोड्नुपर्छ । जडीबुटी कच्चा पदार्थका रूपमा निर्यात गर्नेभन्दा स्वदेशमै प्रशोधन उद्योग स्थापना गर्नुपर्छ । धार्मिक तथा सांस्कृतिक पर्यटनलाई स्थानीय उत्पादन र रोजगारीसँग जोड्नुपर्छ । प्राकृतिक स्रोतसम्बन्धी हरेक दीर्घकालीन सम्झौतामा तत्कालीन सरकार वा सीमित समूहको स्वार्थ होइन, भावी पुस्तासम्मको राष्ट्रिय हित हेर्नुपर्छ ।

मुलुकलाई राष्ट्रवादी तर व्यावहारिक नेतृत्व आवश्यक छ । राष्ट्रवाद चर्को भाषण, भावनात्मक नारा वा भीडको उत्तेजना होइन । राष्ट्रवादी नेतृत्व त्यो हो जसले सार्वजनिक सम्पत्ति लुट्दैन, भ्रष्टाचारसँग सम्झौता गर्दैन, विदेशीसँग आँखामा आँखा जुधाएर सम्मानजनक सम्बन्ध राख्छ, तर आवश्यक अन्तर्राष्ट्रिय सहकार्यबाट पनि पछि हट्दैन । त्यस्तो नेतृत्वले जाति, धर्म, भूगोल र समुदायका नाममा नागरिकलाई विभाजित गर्दैन; साझा नेपाली पहिचानमा जोड्छ ।

राजसंस्थाको पुनर्स्थापनाको बहसलाई यही व्यापक राजनीतिक सन्दर्भमा हेर्न आवश्यक छ । संवैधानिक र गैरदलीय राजसंस्थाले राष्ट्रिय निरन्तरता, सांस्कृतिक पहिचान र एकताको साझा केन्द्रको भूमिका निर्वाह गर्न सक्छ भन्ने मत अहिले उपेक्षा गर्न नसकिने राजनीतिक बहस बनेको छ । नेपाललाई अब अर्को सत्ता समीकरणमात्र होइन, राष्ट्रिय दिशाको स्पष्टता चाहिएको छ । व्यवस्था जनताका लागि हो, जनता व्यवस्थाका लागि होइनन् । त्यसैले गणतन्त्र वा राजसंस्थाको बहससमेत भावनात्मक आग्रह-पूर्वाग्रहबाट होइन, राष्ट्रिय हित र परिणामका आधारमा हुनुपर्छ ।

राष्ट्रिय एकता, सार्वभौमसत्ता, सनातन सभ्यता, सामाजिक सद्भाव, विधिको शासन, भ्रष्टाचार नियन्त्रण, निष्पक्ष न्याय, आर्थिक आत्मनिर्भरता, प्राकृतिक स्रोतको राष्ट्रिय हितमा उपयोग र युवालाई स्वदेशमै भविष्य दिने राज्य निर्माण आजको प्राथमिकता बन्नुपर्छ । राजा, राष्ट्रपति, प्रधानमन्त्री, राजनीतिक दल वा कुनै संस्था राष्ट्रभन्दा ठूलो हुँदैन । राष्ट्र सबैभन्दा माथि हुन्छ । यदि संवैधानिक राजसंस्थाको पुनर्स्थापनाले लोकतान्त्रिक अधिकार सुरक्षित राख्दै राष्ट्रिय एकता, स्थायित्व र ऐतिहासिक निरन्तरताका लागि बलियो आधार दिन सक्छ भने त्यसबारे खुला राष्ट्रिय बहस गर्न लोकतन्त्र डराउनु हुँदैन । अन्तिम फैसला जनताकै हुनुपर्छ । नेपालको भविष्य पनि त्यही राजनीतिक व्यवस्थामा सुरक्षित हुने छ, जसले जनतालाई सर्वोच्च राख्दै राष्ट्रलाई स्वाधीन, संस्कृतिलाई जीवन्त, शासनलाई स्वच्छ, न्यायलाई निष्पक्ष र अर्थतन्त्रलाई आत्मनिर्भर बनाउन सक्छ ।

## श्रम सरोकार

## साउदी अरेबियामा रहेका नेपालीहरूले अपनाउनुपर्ने सावधानी

पछिल्ला दिनहरूमा साउदी अरेबियाका केही दूरसञ्चार कम्पनीहरूका प्रतिज्ञापत्रहरूका प्रावधानहरू कार्यान्वयनका नाममा हुने गरेका विभिन्न किसिमका ठगी बढेको पाइएको छ । जसमा धेरै नेपालीहरू आफूले लिँदै नलिएको वित्तीय दायित्वको झमेलामा परी कानुनी कारबाहीमा पर्दै आएको साउदीस्थित नेपाली दूतावासले जनाएको छ । अनधिकृत व्यक्तिहरूबाट सिमको खरिद गर्दा र आफ्ना व्यक्तिगत विवरणहरू जथाभावी बाँड्दा यस्ता घटनाहरू घटेका हुनसक्ने भन्दै दूतावासले निम्न सावधानी अपनाउन अपिल गरेको छ ।

### मोबाइल सेवा खरिद गर्दा सावधानी अपनाउने

खुला पसलहरू वा अनधिकृत डिलरहरूबाट सिमकार्ड नकिन्ने । मोबाइल सिम कार्ड, इन्टरनेट सेवा, वा किस्ताबन्दी योजनाहरू खरिद गर्दा सम्झौताका सर्तहरू ध्यानपूर्वक अध्ययन गर्ने । सेवा प्रदायक वा एजेन्टहरूसँग माथि उल्लिखित विषयमा सम्झौता गर्दा आफ्नो जानकारीको दुरूपयोग नहुने कुरा सुनिश्चित गर्ने ।

### आफ्नो व्यक्तिगत जानकारी र कागजातहरू सुरक्षित राख्ने

आफ्नो इकामा, राहदानी, बैंक विवरण वा अन्य व्यक्तिगत कागजातहरू अनावश्यकरूपमा कसैलाई नदिने । यदि कोही कसैले तपाईंको इकामा मागेमा मागिएको विवरणहरू किन आवश्यक छ भनी पहिले राम्रोसँग बुझ्नुहोस् । तपाईंको कम्पनी वा अन्य कुनै निकाय वा व्यक्तिले कुनै कागजमा तपाईंलाई हस्ताक्षर गर्न भनेमा त्यसमा लेखिएको व्यहोरा बुझेर उचित लागेमा मात्र हस्ताक्षर गर्नुहोस् ।

### अब्शेर खाताको जानकारी सुरक्षित राख्ने

आफ्नो अब्शेर खाताको विवरण, पासवर्ड, वा ओटिपी कसैलाई पनि नदिने । अपरिचित व्यक्तिलाई तपाईंको अबशेर खाता खोल्न, अपडेट गर्न, वा परिवर्तन गर्न सहयोग नमाग्नुहोस् । कसैले सहयोग गर्छु भने पनि त्यस्तो व्यक्तिको सहयोग नलिने । आफ्नो मोबाइल फोन कसैलाई पनि नदिने । प्रायोजक (स्पोन्सर), एचआर कर्मचारी, वा अन्य जो सुकै भए पनि आफ्नो फोनको प्रयोग गर्न अरुलाई नदिने ।






# सरकारको चिट्ठा, म बैरी डिट्ठा !

✍ बैकुण्ठ भण्डारी

सिंहदरबारमा कहिलेकाहीँ यस्तो लाग्छ, देश चलाउने कामभन्दा चिट्ठा खोल्ने काम सजिलो रहेछ । नीति बनाउनु पर्दैन, लामो छलफल गर्नु पर्दैन, जनतालाई के चाहिएको छ भनेर सोध्नु पर्दैन । एउटा बाकस राख्यो, केही नम्बर छाप्यो, अनि भन्यो, भाग्य बलियो हुनेले पाउँछ ।

नेपालमा चिट्ठाको इतिहास त्यति नयाँ होइन । पहिले दसैं-तिहार आउँदा चिट्ठाको चर्चा खुबै हुन्थ्यो । रत्नपार्कको डिलमा पाँच रूपैयाँको टिकट किनेर पाँच लाख जित्ने सपना देख्नेहरूको भीड लाग्थ्यो । पाँच रूपैयाँमा पाँच लाख ! हिसाब गर्दा पाँच रूपैयाँ लगानी गरेर पाँच लाख कमाउने अवसर । यस्तो अवसर पाएपछि पाँच रूपैयाँ गोजीबाट निकाल्न नेपाली नागरिकलाई कसैले सम्झाउनु पर्थेन । हरेक महिना पाँच रूपैयाँको पाँच लाख चिट्ठा चल्तीको थियो । धेरैले राम्रा आर्जन गरे ।

तर त्यो चिट्ठाको सपना धेरैका लागि दुःस्वप्न बन्यो । कसैले टिकट बेच्यो, कसैले पैसा उठायो, कसैले पुरस्कारको घोषणा गऱ्यो अनि अन्त्यमा पुरस्कार खोज्ने जनता कार्यालय खोज्दै हिँडे । कतिपय संस्थागतरूपमा सक्रिय भए । चिट्ठा खेलाउनेको भाग्य खुल्यो, टिकट किन्नेको खल्ती खुल्यो ।

त्यसपछि सरकारले भन्यो, चिट्ठा जोखिमपूर्ण छ, सर्वसाधारणलाई ठगी हुन्छ, यस्ता गतिविधिमा नियन्त्रण आवश्यक छ ।

मटचाङ्ग्रो डिट्ठा साब त्यही समयका पुराना चिट्ठापीडित हुन् । पाँच रूपैयाँको टिकट किनेको सम्झना उनको मनमा अझै ताजा छ । पाँच लाखको सपना देख्दा उनले घरमा नयाँ टिन हाल्ने, छोराछोरीलाई राम्रो विद्यालयमा पढाउने, श्रीमतीलाई सुनको गहना किनिदिने र आफूलाई एउटा राम्रो रेडियो किन्ने योजना बनाएका थिए ।

तर चिट्ठाको नतिजा आयो, न पाँच लाख आयो, न टिकटको पाँच रूपैयाँ फर्कियो ! मटचाङ्ग्रोले त्यतिबेला एउटा ठूलो शिक्षा पाए । चिट्ठामा भाग्यभन्दा आयोजकको भाग्य बलियो हुन्छ । वर्षौं बिते । सरकार बदलिए । व्यवस्था बदलिए । नेताहरूको टोपी बदलिए । नाराहरू बदलिए । तर जनताको भाग्य उस्तै रह्यो । भाग्यदय चिट्ठा पर्दै परेन ।

अस्तिको महिना मटचाङ्ग्रो डिट्ठा साबले सुने, सरकारले सामान किन्नेहरूलाई पनि चिट्ठा खेलाउने भयो रे ! मटचाङ्ग्रोले सुरुमा पत्याएनन् । उनले छिमेकी बैरीलाई सोधे, 'ए बैरी, सरकारले साँच्चै चिट्ठा खेलाउन लागेको हो ?' बैरीले मोबाइलबाट समाचार देखाउँदै भन्यो, 'हो नि । अब बिल काटेर सामान किन्ने जनताले पनि चिट्ठामा सहभागी हुन पाउने भयो ।'

मटचाङ्ग्रो केहीबेर चुप लागे । अनि सोधे, 'यो चिट्ठा कसले खेलाउने ?'

उसले उत्तर दियो, 'सरकारले ।'

'पुरस्कार कसले दिने ?'

'सरकारले ।'

'नम्बर कसले निकाल्ने ?'

'सरकारले ।'

'अनि टिकट ?,' उनले सोधिरहे ।

'टिकट त चाहिँदैन रे । बिल नै टिकट ।'

मटचाङ्ग्रोले निधारमा हात राखे । 'त्यसो भए मैले जिन्दगीभर चिट्ठा खेल्न खोजेको रहेछु, तर सरकारले अहिले आएर मेरो सपनाको राष्ट्रियकरण गरिदिएछ !'

पहिले पाँच रूपैयाँको चिट्ठा किन्नुपर्थ्यो । अहिले सामान किन्नुपर्छ, बिल लिनुपर्छ अनि पुरस्कारको आशा गर्नुपर्छ । फरक यति हो, पहिले चिट्ठा किन्न पैसा खर्च हुन्थ्यो, अहिले सामान किन्न पैसा खर्च गर्नुपर्छ । पहिले आयोजकले भन्थ्यो, 'भाग्यले साथ दियो भने लाखौं जित्नुहुन्छ । अहिले सरकारको भाषा अलि सभ्य छ, बिल लिनुहोस्, चिट्ठामा सहभागी हुनुहोस् ।'

मटचाङ्ग्रो भन्छन्, 'भाषा बदलियो, भावना उही रहेछ ।' यो देशमा कर तिर्न पनि जनता उत्साहित हुँदैनन् । बिल माग्न पनि धेरैलाई झन्झट लाग्छ । अब बिललाई नै पुरस्कारको टिकट बनाइदिएपछि सरकारको सोच पनि गज्जबको रहेछ । कर प्रशासनले वर्षौंदेखि सम्झाउन नसकेको कुरा चिट्ठाले सम्झाउने भयो ।

बिल लिनुहोस् । किन ? चिट्ठा पर्न सक्छ । कर तिर्न ? होइन, पुरस्कार पाउन ! जनताले करको महत्त्व बुझेनन् भने पुरस्कारको महत्त्व बुझ्लान् भन्ने सरकारी दर्शन निकै गहिरो छ ।

मटचाङ्ग्रो बोले, 'देशमा कर संस्कृति विकास गर्न नसकेपछि चिट्ठा संस्कृति विकास गर्न थालिए छ ।'

तर प्रश्न यहाँबाट सुरु हुन्छ । हिजो चिट्ठा खेलाउने निजी संस्थामाथि शंका गरिन्थ्यो । आज सरकार आफैं चिट्ठा खेलाउँदा त्यसलाई नीति, प्रविधि, प्रोत्साहन र उपभोक्ता हित भनिन्छ । हिजो पाँच रूपैयाँको चिट्ठा बेच्ने व्यापारीलाई सरकारले नियमन गर्न खोज्थ्यो । आज बिललाई चिट्ठा बनाएर आफैं पुरस्कार घोषणा गर्छ ।

मटचाङ्ग्रोले भने, 'बैरी, यो त त्यही पुरानो रक्सी नयाँ बोतलमा हालेजस्तो भएन ?'

बैरीले जवाफ दिए, 'बोतल नयाँ छ मटचाङ्ग्रो । यसपटक बोतलमा सिंहदरबारको लेबल छ ।' मटचाङ्ग्रो अचम्मित भए । नेपालमा जनतालाई आकर्षित गर्ने दुई कुरा छन्- आशा र पुरस्कार । चुनावमा आशा बाँडिन्छ, चिट्ठामा पुरस्कार बाँडिन्छ । चुनावमा नेता भन्छन्, 'हामी आएपछि देश बदलिन्छ ।' चिट्ठामा सरकार भन्छ, 'तपाईंको बिल पऱ्यो भने भाग्य बदलिन्छ ।'

चुनावमा मतपत्रको चिट्ठा खुल्छ । सरकार बन्यो भने कसैको भाग्य खुल्छ, कसैको मन्त्रालय खुल्छ, कसैको ठेक्का खुल्छ । अनि जनताको पालो आउँदा बजेटको ढोका बन्द हुन्छ । मटचाङ्ग्रोले यसलाई 'स्वर्णिम महाचिट्ठा प्रणाली अभियान' नाम दिएका छन् । उनको विचारमा देशमा पहिलेदेखि नै चिट्ठा चलिरहेको छ । फरक यति हो, त्यो चिट्ठामा टिकटको नाम मतपत्र हो ।

कसैले एउटा पार्टीलाई मत हाल्छ । कसैले अर्को पार्टीलाई । अन्तिममा चिट्ठा खुल्छ, कुन पार्टीले सत्ता पायो ? अहिले कांग्रेस-कम्युनिस्टको कारण रास्वपाले चिट्ठा पारेको छ । 'यत्र तत्र सर्वत्र' भनेजस्तै भएको छ । त्यही कारणले सत्ता पाएपछि अर्को चिट्ठा खुल्यो । सबै मन्त्रालय आफ्नै हातमा । त्यसमा आयोजना परियोजना, ठेक्का, कमिसन सबै आफ्नैलाई । यो भन्दा बढीको चिट्ठा कति पर्नु !

मटचाङ्ग्रो भन्छन्, 'सरकारको सबैभन्दा ठूलो चिट्ठा त यही रहेछ । जनताले पाँच रूपैयाँमा पाँच लाख खोजे, नेताहरूले एउटा हस्ताक्षरमा करोडौं खोजे । सरकारले जनतालाई १० लाखको चिट्ठा खेलाउँदा अचम्म मान्नुपर्ने कारण के छ र ? पहिले हात्तीका कुरा हुन्थे अहिले हात्ती छापका कुरा !'

जब राज्यको अर्थतन्त्र नै भाग्यको खेलजस्तो देखिन्छ, एउटा बिललाई चिट्ठाको टिकट बनाउनु ठूलो कुरा भएन । अहिलेको सरकारलाई हेर्दा मटचाङ्ग्रोलाई अर्को कुरा पनि सम्झना आउँछ । देशमा कहिले युनिटीको चर्चा भयो, कहिले हर्बोको, कहिले विभिन्न नेटवर्क मार्केटिङको । मानिसहरूले आफ्नो पैसा लगानी गरे । कसैले कमाए, धेरैले गुमाए । कसैले सपना बेच्यो, कसैले सपना किन्यो । नेपाली नागरिक सपना किन्न निकै सस्तो छ !

मटचाङ्ग्रो भन्छन्, 'हामी नेपालीलाई धनी बन्ने सबैभन्दा सजिलो बाटो खोज्ने बानी परेको छ । खेतमा पसिना बगाएर धनी बन्नुभन्दा चिट्ठामा नाम निस्कियो भने छिटो हुन्छ । सरकारले पनि जनताको यही मनोविज्ञान बुझेर होला, चिट्ठा प्रणाली ल्याएको ।'

जनताले बिल लिनुपर्छ भन्ने कुरा नागरिकको अधिकार र कर्तव्यसँग जोडिनुपर्ने हो । तर अब बिल लिएँ भने चिट्ठा पर्छ कि ? भन्ने मनोविज्ञान बढ्यो भने समस्या फेरि उही हुने छ । आज बिल पुरस्कारका लागि राखिन्छ, भोलि कर तिर्न पनि 'लक्की-ड्र' चाहिन्छ कि ?

त्यसो भए अब यसो गरौं । कर तिर्ने पहिलो १०० जनालाई मोटरसाइकल ! समयमै आयकर बुझाउनेलाई एउटा फ्रिज ! विद्युत् महसुल समयमै तिर्नेलाई एउटा इलेक्ट्रिक कार ! १६ वर्ष पुग्नेबित्तिकै पासपोर्ट बनाउनेलाई मलेसिया, दुबई, कतारमा रोजगारी ।

बालेन बोलेनन् भन्ने चर्चा पनि मटचाङ्ग्रोको कानमा पुगेको छ । सिंहदरबारको राजनीति, अर्थ मन्त्रालयका योजना र नयाँ-नयाँ प्रयोगबीच बालेनको मौनता पनि आफैंमा एउटा व्यंग्य बनेको छ ।

मटचाङ्ग्रो भन्छन्, 'बालेन बोलेनन् भने पनि सरकार बोलिरहेको छ । सरकार बोल्यो भने जनताले सुन्नैपर्छ । तर सुनेर के गर्ने ? अन्तिममा चिट्ठा नै खेल्ने हो ।' सिंहदरबारमा नीति बनाउनेभन्दा लोकप्रिय देखिने उपाय खोज्न लागेको छ । तर राज्य सञ्चालन प्रचार, पुरस्कार र चिट्ठाको सम्मिश्रणमात्र होइन । देशलाई चिट्ठा होइन, प्रणाली चाहिन्छ । नागरिकलाई पुरस्कार होइन, राम्रो सेवा चाहिन्छ । बिल काट्नेलाई १० लाख जित्ने सपनामात्र होइन, बिल काट्ने व्यवसायीले कर नछली इमानदारीपूर्वक कारोबार गर्ने वातावरण चाहिन्छ ।

मटचाङ्ग्रो डिट्ठा साबले अन्तिम निष्कर्ष निकाले, सरकारको चिट्ठा पऱ्यो भने नागरिकलाई १० लाख पर्ला । तर सरकारलाई चिट्ठा परेपछि नागरिकलाई पाँच वर्षको शासन पर्छ । त्यसो भए एकपटकलाई देशै चिट्ठामा पारिदिने हो कि ? आखिर सरकार पनि चिट्ठामा आएको हो क्यार ! त्यसै जनताले भनेका छन् र उपहारका माननीय ? उपहार नै चिट्ठा त हो कि कसो मटचाङ्ग्रो डिट्ठा !



**बाँसुरीका प्रशिक्षार्थी दीक्षित** | बाजा दीक्षान्त समारोहमा सहभागी भक्तपुरको निओ फचुजन बाजा समूहमा धाँ, धिमे र बासुरी बाजा सिकेका ५८ जना प्रशिक्षार्थी ।

*तस्बिरः रेणु त्वानाबासु/रासस*

# प्राचीन बनेपाको धार्मिक पहिचानः १२४ वर्षदेखि 'कन्या–पूजा'

■ **राजकुमार पराजुली**



**काभ्रेपलाञ्चोक–** प्राचीन, धार्मिक एवं ऐतिहासिक सहर बनेपा । जहाँ १२४ वर्षदेखि लगातार कन्यालाई देवीका रूपमा मान्दै पूजा गरिँदै आइएको छ ।

रजस्वला नभएका १० वर्षमुनिका कन्यालाई 'कन्या-पूजा' नाम दिइएको यस परम्परालाई यस वर्ष पनि निरन्तरता दिन स्थानीय सनातन कन्या-पूजा प्रबन्ध समितिले तयारी थालिसकेको छ ।

'अमूर्त सांस्कृतिक-सम्पदा' नामकरण गरी वर्षौंदेखि बनेपाली उक्त पूजामा जुट्दै आएका छन् । वि.सं. १९५९ देखि सांस्कृतिक-सम्पदा जोगाउँदै आएकामा गर्व गर्छन्, बनेपाली । यस वर्ष यही भदौ १९ गते पूजाको आयोजना गरिएको छ । परम्पराअनुसार बनेपाको पुरानो बजारमा वर्षैपिच्छे सप्तमी र कृष्ण जन्माष्टमीका दुई दिन पूजा गरिँदै आएको छ ।

नेवाः कन्या-पूजाको नाममा टिकट दिएर बनेपा नगरपालिका-८ दक्षुटोलमा उक्त पूजा आयोजना गरिन्छ । पूजामा भने बर्सेनि करिब दुई हजारदेखि दुई हजार ५०० कन्या सहभागी हुने गर्दछन् । पछिल्ला वर्षमा यो संख्या बढ्दै गएको छ । मुख्य पूजा भने सनातन कन्या-पूजा प्रबन्ध समितिमार्फत बनेपामा कन्यालाई 'सवा-शताब्दी'देखि पुज्दै आइएको हो ।

नेपालको काभ्रेपलाञ्चोक जिल्लाबाहेक अन्य स्थानमा यस्तो पूजा गरिएको पाइँदैन । रजस्वला नभएका तथा 'वेलविवाह' नगरिएका कन्यालाई पुज्ने व्यक्ति निरोगी भई 'मनले चिताएको' पुग्ने मान्यता रहिआएको छ । यस मान्यताका साथ पछिल्ला केही वर्षदेखि काभ्रेपलाञ्चोकको विभिन्न बजार तथा बस्तीमा श्रीकृष्ण जन्माष्टमीको अवसरमा पुज्ने प्रचलन विस्तार भएको छ ।

समितिका अनुसार उक्त पूजामा सहभागी हुने करिब आठ हजार कन्याका लागि ३२ हजार स्वारीसहितका सामग्री तयार पारिएको छ । कन्या पुज्नका लागि आवश्यक सामग्री तथा पुज्ने व्यक्तिको तय भइसकेको समितिका सचिव प्रकाश कायस्थले जानकारी दिए । उनका अनुसार बनेपा आसपास 'सात गाउँ'का कन्यालाई बनेपामा पूजा गरिँदै आएको परम्परालाई व्यवस्थित गर्न समिति नै गठन गरी निरन्तरता दिइएको छ ।

कृष्ण जन्माष्टमीको दिनमा गरिने मुख्य कन्या-पूजामा काभ्रेपलाञ्चोकलगायत छिमेकी जिल्लाबाट बर्सेनि करिब आठदेखि १० हजार हाराहारीमा कन्या सहभागी हुने गर्दछन् । बनेपा नगरको भोलाखाँ टोलदेखि लायकु दरबार तथा पुरानो बजार हुँदै चारदोबाटोसम्म सडकको दायाँबायाँ पेटीमा रजस्वला नभएका कन्या लस्करै बस्छन् । जनविश्वासका कारण कन्यालाई पुज्नेको ठूलो भीड लाग्ने गर्छ ।

त्यस दिन कन्यालाई पुज्न काठमाडौं, भक्तपुर र ललितपुर तथा छिमेकी जिल्लाबाटसमेत भक्तजन आउने गरेका छन् । कन्या-पूजामा समितिमार्फत १३५ जना भक्तजनले दानदक्षिणा तथा प्रसाद, स्वारी र मालपुवा, पैसा, जेरी, बिस्कुट, छोकडा, काजु एवं विभिन्न प्रकारका मिठाई वितरण गर्दछन् । पूजामा सामेल प्रत्येक कन्याको टाउकोमा शुद्ध तोरीको तेल खन्याएर देवीसरह रातो टीका लगाइदिने प्रचलन छ ।

बनेपामा हुने कन्या-पूजामा प्रतिकन्या ५०० रूपैयाँबराबरका सामग्री उपलब्ध गराइन्छ । गत वर्ष पनि करिब आठ हजार कन्याका लागि तीन करोड रूपैयाँभन्दा बढी खर्च भएको समितिका उपाध्यक्ष सुरकृष्ण वैद्यले बताए । उनका अनुसार दाताको सहयोगबाहेकको खर्च समितिका पदाधिकारीले नै व्यहोर्दै आएका छन् ।

किंवदन्तीअनुसार रजस्वला नभएका र वेलविवाह नगरिएका कन्याको लाममा देवकन्या, नागकन्या, गन्धर्वकन्या, किन्नरकन्या र किचकन्या मानवकन्याका भेषमा आउने भएकाले उनीहरूलाई आराध्यदेवी चण्डेश्वरी देवीकी कुमारी मानेर पूजा गरेमा सार्थक हुने विश्वास छ । बनेपा सात गाउँलाई राक्षसबाट मुक्त गराउन सफल चण्डेश्वरी देवीको रूपमा 'कन्या'नै भएकाले कन्यालाई पुज्दै आएको बताइन्छ ।

कन्याको स्वागत एवं सम्मानमा लागि बनेपाका नेवार समुदायले विभिन्न प्रकारका झ्याँकी र बाजासमेत बजाउँछन् । भोछिभोया खलक चण्डेश्वरीका सन्तति मानिने भएकाले कुनै जाति या वर्गको आधारमा भेदभाव नराखी उपस्थित कन्याको पूजा गरिन्छ । बनेपा नपा-३ भोलाखाँ टोलमा गणेश र कुमारको पूजा भएपछि मात्र कन्यापूजा सुरु हुने गर्दछ ।

बनेपाको ऐतिहासिक लेखनअनुसार कुनै समय बनेपाका एक नेवार समुदाय (वैद्य)का व्यक्तिले धेरै दुःख भएपछि घरको बुइँगलमा राखेर कन्यालाई पूजा गरेका थिए । सुरुका वर्षमा नेवार समुदायका रजस्वला नभएका कन्यामात्रै पुजिँदै आएको र केही वर्षपछि सबै जातजातिका कन्यालाई पूजामा सामेल गराइएको स्थानीय बताउँछन् ।

पछिल्ला केही वर्षदेखि बनेपाका विभिन्न वडा तथा विभिन्न संघसंस्थाले धुलिखेल, पनौती, पाँचखाल, दोलालघाटलगायतका स्थानमा कन्या पूजा आयोजना गर्दै आएका छन् । *रासस*

# पर्सा राष्ट्रिय निकुञ्जमा बाघको संख्या ७१ पुगेपछि 'सिए टिएस' प्रमाणीकरण सुरू

**जनकपुरधाम–** पर्सा राष्ट्रिय निकुञ्जमा पाटेबाघको संख्या बढेसँगै संरक्षण व्यवस्थापनलाई अन्तर्राष्ट्रिय मापदण्ड अनुकूल बनाउन बाघ संरक्षणका लागि सुनिश्चित व्यवस्थापन अन्तरर्राष्ट्रिय मापदण्ड (सिए टिएस) प्रमाणीकरण प्रक्रिया सुरु भएको छ ।

सन् २०२२ मा ४१ वयस्क बाघ रहेको पर्सा निकुञ्जमा सन् २०२६ को गणनाअनुसार बाघको संख्या ७१ पुगेपछि संरक्षण उपलब्धिलाई दीर्घकालीन र गुणस्तरीय व्यवस्थापनमा रूपान्तरण गर्न सिए टिएस प्रक्रिया अघि बढाइएको हो । यसै क्रममा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको आयोजनामा पर्सा राष्ट्रिय निकुञ्जमा सम्पन्न सिए टिएस कार्यशालामा विभागका वरिष्ठ इकोलोजिस्ट हरिभद्र आचार्य, निकुञ्जका प्रमुख संरक्षण अधिकृत रामचन्द्र खतिवडा, जेडएसएल नेपाल, मध्यवर्ती क्षेत्र व्यवस्थापन समिति, सुरक्षा निकाय, निकुञ्जका कर्मचारी, उपभोक्ता समिति तथा स्थानीय सरोकारवालाको सहभागिता थियो ।

कार्यशालामा सिए टिएसको प्रारम्भिक तयारी, स्वमूल्यांकन, व्यवस्थापन सुधार, प्रमाण संकलन तथा सरोकारवालाबीच समन्वयका विषयमा छलफल भएको पर्सा राष्ट्रिय निकुञ्जका प्रमुख संरक्षण अधिकृत रामचन्द्र खतिवडाले जानकारी दिए ।

कार्यशालामा वरिष्ठ इकोलोजिस्ट आचार्यले बाघको संख्या बढ्नुमात्र पर्याप्त नभई त्यसलाई दीर्घकालसम्म टिकाइराख्न बासस्थान, आहारा, सुरक्षा तथा समग्र व्यवस्थापनको गुणस्तरमा निरन्तर सुधार आवश्यक रहेको बताए । उनले सिए टिएसले बाघको संख्यामात्र नभई बाघ संरक्षणका लागि आवश्यक समग्र व्यवस्थापन प्रणालीलाई अन्तर्राष्ट्रिय मापदण्डका आधारमा मूल्यांकन गर्ने भएकाले पर्साका लागि यो महत्त्वपूर्ण अवसर भएको बताए ।

निकुञ्जका प्रमुख संरक्षण अधिकृत खतिवडाले सन् २०२२ देखि २०२६ सम्म पर्सामा बाघको संख्या ४१ बाट बढेर ७१ पुग्नु संरक्षणको महत्त्वपूर्ण उपलब्धि भए पनि अबको चुनौती बाघसँगै स्थानीय समुदायलाई सुरक्षित राख्नु रहेको बताए । उनले संरक्षणबाट स्थानीय समुदायले प्रत्यक्ष लाभ पाउने वातावरण निर्माण गर्न आवश्यक रहेको उल्लेख गरे ।

उनका अनुसार निकुञ्जको 'बाघ मित्र अभियान'लाई सिए टिएस प्रक्रियासँग जोडेर मानव-बाघ सहअस्तित्व, समुदायको सुरक्षा, सचेतना तथा सहभागितालाई थप प्रभावकारी बनाउन सकिन्छ ।

कार्यशालामा सहभागी सरोकारवालाले सिए टिएसलाई निकुञ्जले प्रमाणपत्र प्राप्त गर्ने प्रक्रियाका रूपमामात्र नभई निकुञ्ज, मध्यवर्ती क्षेत्र, सुरक्षा निकाय, संरक्षण साझेदार तथा स्थानीय समुदायको साझा अभियानका रूपमा अघि बढाउनुपर्नेमा जोड दिएका थिए ।

सिए टिएसले बाघको संख्यामात्र नभई बासस्थान, आहारा, सुरक्षा, व्यवस्थापन, वैज्ञानिक अनुगमन, समुदायको सहभागिता, मानव-बाघ द्वन्द्व, पर्यटन तथा बाघको दीर्घकालीन अवस्थालगायत विषयको समग्र मूल्यांकन गर्ने छ । *रासस*

# गोसाइँकुण्ड मेलाको तयारी पूरा, निर्धक्क भएर यात्रा गर्न अनुरोध

**रसुवा–** जनैपूर्णिमा दिन गोसाइँकुण्ड मेला भर्न आउने भक्तजनको स्वास्थ्य, सुरक्षा, खानपान-बसाइलगायत सम्पूर्ण तयारी पूरा भएको छ ।

लाङ्टाङ राष्ट्रिय निकुञ्जको अगुवाइमा गठित ११ वटा उपसमितिको तर्फबाट आ-आफ्नो जिम्मेवारी पूरा गरी भक्तजनको धार्मिक यात्रालाई अघिल्ला वर्षहरूको भन्दा सहज, सुरक्षित र सफल बनाउने प्रतिबद्धता व्यक्त गरिएको छ ।

यसै सन्दर्भमा गोसाइँकुण्ड गाउँपालिकाका अध्यक्ष कैसाङनुर्पु तामाङले मौसममा आउने प्रतिकूलतालाई ख्याल गरी निर्धक्क भई आउन अनुरोध गर्दै यात्राका क्रममा असहज परिस्थिति सिर्जना भए आवश्यकताअनुसार सवारीसाधन र त्यसबाट नभए हेलिकप्टरसमेत प्रयोग गरी निःशुल्करूपमा बिरामीको उद्धार गरिने प्रतिबद्धता व्यक्त गरे ।

हिमालय उद्धार संघ, नेपालका कार्यकारी निर्देशक गोविन्द बत्स्यालले समुद्र सतहदेखि चार हजार ३८० मिटरको उचाइमा रहेको गोसाइँकुण्डमा यात्राका क्रममा भक्तजनलाई लेक लाग्ने तथा अन्य स्वास्थ्य समस्या देखिन सक्ने भएकाले आवश्यकताअनुसार विभिन्न ठाउँमा स्वास्थ्य शिविर सञ्चालन गरिएको जानकारी दिए । उनका अनुसार आइतबार मध्याह्नदेखि सञ्चालनमा आएको स्वास्थ्य शिविर भदौ १३ गतेसम्म सञ्चालन हुने छ । शिविरमा आवश्यक औषधि तथा अक्सिजनसहित छ जना चिकित्सक र हिमालय उद्धार संघका प्रतिनिधिका रूपमा प्रकाश खत्रीलाई खटाइएको छ ।

यसैबीच गोसाइँकुण्ड यात्रालाई सुरक्षित बनाउन नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपालसमेतका सुरक्षा निकायलाई आवश्यकताअनुसार परिचालन गरिएको रसुवाका प्रमुख जिल्ला अधिकारी नरेन्द्र परियारले स्पष्ट गरेका छन् । सामाजिक सञ्जालमा देखाइएजस्तो गोसाइँकुण्ड जाने बाटोका कुनै पनि स्थानमा अहिले असहज अवस्था नरहेको र भारी वर्षाका कारण खसेका पहिरोसमेत तत्काल हटाउने काम भइरहेको प्रजिअ परियारले जानकारी दिए । *रासस*


**कुवेतमा रोजगार** — कम्पनी : YAR LOUNGE BEAUTY SALON FOR LADIES

पूर्व स्वीकृति मिति : २०८२/०८/०१ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०५/०८ | LT. No. 333847 | चलानी नं. ६०२४७५०३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HAIRDRESSER | 0 | 5 | 150 | ७४,५४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ भदौ १६ गते (1st Sep. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/– कामदारले तिर्ने | रु. १,५००/– कामदार आफैंले | १०,०००/– | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1723/081/082

**Sultan Gulf Overseas Pvt. Ltd.**
Tokha-10, Kathmandu, Tel: + 977-01-5922873, Mobile No. 9840072590 Bashista Bhat, Email: sultangulfoverseas1723@gmail.com

**युएइमा रोजगार** — कम्पनी : UNIVERSAL PRECISION SECURITY SERVICES LLC

पूर्व स्वीकृति मिति : २०८३/०२/०१ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०५/०८ | LT. No. 342185 | चलानी नं. ६०२५५४९१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guards | 19 | 0 | 1500 | ६४,५१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ भदौ १६ गते (1st Sep. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/– कामदारले तिर्ने | रु. १,५००/– कामदार आफैंले | निःशुल्क | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**SHAN A.B. INTERNATIONAL PVT. LTD.**
Maharajgunj (Near Bhatbhateni), Kathmandu, Nepal
Tel- +977 1 4378054/ +977 1 4378890, Contact Person : 9706659209 (Narayan Bhattarai)
श्रम ईजाजत नं. ९१५/०६७/६८

**कुवेतमा रोजगार** — कम्पनी : TAAMEER INTERNATIONAL BUILDING CONSTRUCTION COMPANY

पूर्व स्वीकृति मिति : २०८२/१०/०५ | पुनः विज्ञापन स्वीकृति मिति : २०८३/०५/०८ | LT. No. 337190 | चलानी नं. ६०२५०७६३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Welder | 10 | 0 | 150 | ७४,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : SKY CLAEN COMPANY FOR GENERAL BUILDING CLEANING SERVICES

पूर्व स्वीकृति मिति : २०८२/०८/१४ | पुनः विज्ञापन स्वीकृति मिति : २०८३/०५/०८ | LT. No. 334174 | चलानी नं. ६०२४७९८२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Light Drivers | 1 | 0 | 150 | ७४,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Famale Cleaners | 0 | 6 | 100 | ४९,७०३ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ भदौ १६ गते (1st Sep. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/– कामदारले तिर्ने | रु. १,५००/– कामदार आफैंले | निःशुल्क | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १५७१/०७९/०८०

**SPACE HR SOLUTIONS PVT.LTD**
Basundhara, Kathmandu; Tel: 01-5925496
E-mail: spacehrsolution07980@gmail.com, Web: www.spacehrsolution.com

**कुवेतमा रोजगार** — कम्पनी : MUG COFFEE RESTAURANT COMPANY

पूर्व स्वीकृति मिति : २०८३/०५/०८ | LT. No. 347011 | चलानी नं. ६०२६०१९४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper/cleaner | 2 | 0 | 100 | ४९,६९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Barista | 5 | 5 | 140 | ६९,५७५ | | | | | | | |

कम्पनी : FOOD LINK RESTAURANT COMPANY

पूर्व स्वीकृति मिति : २०८३/०५/०८ | LT. No. 347010 | चलानी नं. ६०२६०१९३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper/cleaner | 2 | 0 | 100 | ४९,६९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Kitchen Helper | 2 | 0 | 120 | ५९,६३५ | | | | | | | |
| 3 | Waiter/waitress | 1 | 4 | 140 | ६९,५९५ | | | | | | | |
| 4 | Grill Man | 2 | 0 | 170 | ८४,४८५ | | | | | | | |

अन्तर्वार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ भदौ १६ गते (1st Sep. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धी व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/– कामदारले तिर्ने | रु. १,५००/– कामदार आफैंले | निःशुल्क | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १७५१/०८१/०८२

**SHUKRAN RECRUITMENT SERVICES PVT. LTD.**
Kathmandu Metropolitian City- 9, Kathmandu, Bagmati Province, Nepal , Tel No.: 01-5929466
Email: shukranrrecruitmentservices@gmail.com, Website: www.shukranrecruitment.com.np

**बहराइनमा रोजगार** — कम्पनी : CELIA BEAUTY

पूर्व स्वीकृति मिति : २०८३/०५/०८ | LT. No. 346954 | चलानी नं. ६०२६०१८५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician | 0 | 3 | 150 | ६०,९७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ भदौ १६ गते (1st Sep. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/– कामदारले तिर्ने | रु. १,५००/– कामदार आफैंले | निःशुल्क | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. 1587/079/80

**SAAD OVERSEAS PVT.LTD.**
Sundar Marg, Basundhara-3, Kathmandu, Nepal, Tel: 01-5905860, 5905859, Mobile : 9814452152, Email: - saadoverseas25@gmail.com

**साउदीमा रोजगार** — कम्पनी : SARA NATIONAL TRADING COMPANY — शहर : Riyadh

पूर्व स्वीकृति मिति : २०८३/०५/०८ | LT. No. 346969 | चलानी नं. ६०२६०१८९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Packing Worker | 5 | 0 | 1000 | ४०,७२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | KITCHEN WORKER | 10 | 0 | 1000 | ४०,७२० | | | | | | | |

अन्तर्वार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ भदौ १६ गते (1st Sep. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/– कामदारले तिर्ने | रु. १,५००/– कामदार आफैंले | १०,००० | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**WORKFORCE SERVICES PVT. LTD.**
Sinamangal-09, Airport, Kathmadnu, Tel: +977-1-4569912, 4569913, 4569914
Rajendra Ghimire 9865502308, Email.: info@workforce.com.np, Web Site : wwww.workforce.com.np
श्रम ईजाजत नं. १७२/०५६/५७

**मलेसियामा रोजगार** — कम्पनी : SEMANGAT DELIGASI SDN BHD

पूर्व स्वीकृति मिति : २०८३/०५/०८ | LT. No. 347004 | चलानी नं. ६०२६०१८३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | (FACTORY/GENERAL) WORKER | 8 | 0 | 1700 | ६४,५०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ भदौ १६ गते (1st Sep. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/– रोजगारदाताले तिर्ने | रु. १,५००/– राजेगारदाता कम्पनीले | निःशुल्क | रु.२१००/– रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १२०९/०७३/०७४

**UNIVERSAL H.R.SOLUTION PVT. LTD.**
Baneshwor, Milan chowk-31, Kathmandu, Tel: 014593365, 4593465,
Mobile No. 9849499355, Swotantra Tamot, E-Mail : uhrsolution1209@gmail.com

**जापानमा रोजगार** — कम्पनी : ASEAN COOPERATIVE

पूर्व स्वीकृति मिति : २०८३/०५/०५ | LT. No. 346942 | चलानी नं. ६०२६०१२२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव YEN | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Wrapping Worker | 10 | 0 | 215761 | २,०७,८४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

■ **प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभवः**
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रूपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

**दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरुः**
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रूपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्की आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रूपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।
१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मितिः स्थानः प्रा.लि.को कार्यालय, मितिः यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्चः १०,०००
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थानः छनौट तरिकाः अन्तर्वार्ता, स्थानः प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मितिः पछि प्रकाशित गरिनेछ ।

**नोटः** वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

**नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः**
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।
द्रष्टव्यः यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

अन्तर्वार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ भदौ १६ गते (1st Sep. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था ः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/– कामदारले तिर्ने | रु. १,५००/– कामदार आफैंले | १०,०००/– | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**INSPIRE INTERNATIONAL EMPLOYME NT PVT.LTD.**
Airport, Shambhu Marg-4, Kathmandu, Nepal, Phone: (+977) 4112800, Padam Mainali 9813534349, Email: inspireintemp@gmail.com

प्रभाव दैनिक




## 'शुभ विवाह'को छायांकन सुरू

सुदर्शन थापाको निर्देशन रहने फिल्म 'शुभ विवाह'को छायांकन पोखराबाट सुरू भएको छ । ४५ दिनको छायांकन तालिका तय गरेर फिल्मको सुटिङ सुरू गरिएको जानकारी निर्देशक सुदर्शन थापाले दिए । प्रियदर्शन फिल्मसको ब्यानरमा निर्माण भइरहेको यस फिल्मको मुख्य भूमिकामा अभिनेता प्रदीप खड्का र अभिनेत्री सनिशा भट्टराई देखिनेछन् । निर्देशक थापा र अभिनेता खड्काले यसअघि सुपरहिट फिल्म 'प्रेम गीत'मा सहकार्य गरेका थिए । फिल्ममा प्रदीप र सनिशाका अलावा हरिहर शर्मा, वसुन्धरा भुसाल, मुकुन्द किशोर भट्टराई, कृष्ण ढुङ्गाना, विशाल पहारी, अन्शु महर्जन, बिन्दा खतिवडा, अनिता बस्नेत, मेक्सम गौडेल, सन्तोष थापा, सुनिशा बजगाईं, आश्मा गिरी, रामेश्वर रिजाललगायतको अभिनय रहनेछ ।





# सुमन र आशाको 'मेरो माया जुनीभरीलाई' सार्वजनिक




■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली नारीहरूको महान् पर्व हरितालिका तीज नजिकिँदै जाँदा नेपाली सांगीतिक बजारमा तीज गीतहरूको रौनक बढ्न थालेको छ । यही अवसरलाई लक्षित गर्दै प्रेम, आकर्षण, मौलिकता र नेपाली तीजको सांस्कृतिक सुगन्धलाई समेटिएको नयाँ गीत 'मेरो माया जुनीभरीलाई' सार्वजनिक भएको छ ।

'मेरो माया जुनीभरीलाई' शीर्षकले नै प्रेमको गहिराइ र जीवनभरको साथको भावनालाई संकेत गर्छ । तीज केवल नाचगान र मनोरञ्जनको पर्व मात्र नभई नेपाली नारीहरूको भावना, संस्कृति, भेटघाट र खुसी साटासाट गर्ने विशेष अवसरका रूपमा पनि स्थापित छ । यही सांस्कृतिक परिवेशलाई प्रेमिल भावसँग जोड्दै गीतलाई तयार पारिएको छ । सुमन सागर जंग के.सी.ले निर्देशन गरेको यो भिडियोमा लोकप्रिय संगीतकार मोहित मुनालको शब्द तथा संगीत रहेको छ भने प्रतिभाशाली गायक निरज के.सी. र गायिका निरुता गैरेको सुमधुर स्वर सुन्न सकिनेछ । गीतमा प्रेमको मिठाससँगै तीजको उमंग, रमाइलोपन र नेपालीपनलाई कलात्मक ढंगले प्रस्तुत गर्ने प्रयास गरिएको छ ।

गीतको भिडियोमा कलाकार सुमन सागर जंग के.सी., आशा कार्की, बास्मती के.सी. र अलिशा पाण्डेको अभिनय रहेको छ भने कोरियोग्राफि किसन भुसालको गरेका छन । भिडियोको छायांकन रेशम दर्लामी मगरले गरेका छन् । टेकेन्द्र शाहले सम्पादन तथा कलरको जिम्मेवारी सम्हालेका छन भने निर्मला आचार्यको मेकअप रहेको छ । गीतको संगीत संयोजन यम थापा मगरले गरेका छन भने गीतको रेकर्डिङ ओजोन काठमाडौं तथा तामाङ रेकर्डिङ स्टुडियो, यूएईमा गरिएको हो । नेपाल र विदेशमा रहेका नेपाली स्रष्टाहरूको सहकार्यमा तयार भएको यस गीतले नेपाली संगीतको विस्तार हुँदै गएको दायरालाई समेत झल्काएको छ ।

नेपाली मौलिकता र आधुनिक प्रस्तुतीकरणको संयोजनमा तयार पारिएको 'मेरो माया जुनीभरीलाई' यस वर्षको तीजमा दर्शक तथा स्रोतामाझ लोकप्रिय बन्ने अपेक्षा गरिएको छ । गीतले तीजको उल्लासमा प्रेमको मिठास थप्नुका साथै नेपाली कला, संस्कृति र संगीतप्रतिको आकर्षणलाई अझ सशक्त बनाउने विश्वास निर्माण पक्षले लिएको छ ।

तीजको उल्लास, प्रेमको मिठास र नेपाली संस्कृतिको सुन्दर संगम बनेको 'मेरो माया जुनीभरीलाई' सम्पूर्ण दर्शक तथा स्रोताका लागि एउटा विशेष सांगीतिक कोसेली बन्ने अपेक्षा गरिएको छ ।

# थाइल्याण्डमा नेपाली बालबालिकाले जिते एक शीर्षसहित चार उपाधि

**काठमाडौं (प्रस)–** नेपाली बालक सुर्यान्स श्रेष्ठले थाइल्याण्डमा 'जुनियर मोडल इन्टरनेसनल २०२६'को शिर्ष उपाधि जित्न सफल भएका छन् । २५ देशका बालबालिका सहभागी अन्तरार्ष्ट्रिय प्रतियोगीता श्रेष्ठले अन्य प्रतिस्पर्धीलाई पछि पर्दै शिर्ष उपाधि हात पारेका हुन् । कार्यक्रममा श्रेष्ठले प्रि टिन बिधामा 'प्रिन्स अफ एशिया'को सब-टाइटल समेत हात परे ।




गत १९ तारिखबाट सुरु भई आइतबार साँझ सम्पन्न प्रतियोगीतामा नेपालका तर्फबाट श्रेष्ठ सहित शिवांशु अर्याल, अदिश्री आचार्यले सहभागीता जनाएका थिए । प्रतियोगीतामा शिवांशुले जुनियर बिधामा सब-टाइटल 'प्रिन्स अफ एशिया' जित्दा अदिश्रीले 'प्रिन्सेस अफ एशिया' सब-टाइटल जिन्त सफल रहिन् ।

प्रतियोगीतामा नेपाली प्रतिस्पर्धीहरू मध्य अदिश्रीले नेपालको स्थानीय कपडा 'ढाका'को पहिरन मार्फत नेपाली मौलिक फेब्रिक, शिवांशुले नेपालको ऐतिहासिक 'ढुङ्गेधारा'को इतिहास र वास्तुकला झल्किने भेषभूषासहित र सुर्यान्शले विश्वको सर्वोच्च शिखर सगरमाथा र शान्तिका दूत भगवान बुद्धको देशका रूपमा नेपाललाई चिनाउने प्रस्तुति दिएका थिए । कार्यक्रममा नेपाली टोलीले बाजा र मौलिक भेषभूषासहित नेवारी संस्कृति र परम्परा झल्किने गीतमा विशेष प्रस्तुति दिँदै सबैलाई मोहित तुल्याएका थिए ।

नेपाली बालबालिकालाई प्रतियोगीतामा सहभागी गराउने काम रेडियन्ट इभेन्ट म्यानेजमेन्ट एजेन्सीले गरेको हो । प्रतियोगितामा बालबालिकासँगै अन्तर्राष्ट्रिय मोडल तथा फेसन कोच राज फैजु पनि सहभागी थिए । सबै प्रतियोगिको फेसन कन्सेप्ट डिजाइनर श्रीषा बैदारले तयार गरेकी हुन् ।

# सर्वनाममा 'वीर गणेशमान' नाटक मञ्चन हुँदै

**काठमाडौं (प्रस)–** नेपाली प्रजातान्त्रिक आन्दोलनका शिखर व्यक्तित्व लौहपुरुष गणेशमान सिंहको जीवन, संघर्ष, त्याग र निष्ठामा आधारित ऐतिहासिक नाटक 'वीर गणेशमान' यही भदौ १४ गतेदेखि काठमाडौंको कालिकास्थानस्थित सर्वनाम थिएटरमा मञ्चन हुने भएको छ ।

गणेशमान फाउन्डेसनको आयोजना तथा नेपालको अग्रणी रंगमञ्च समूह सर्वनामको प्रस्तुति रहेको यस नाटक आगामी असोज १४ गतेसम्म मञ्चन हुनेछ । यो ऐतिहासिक नाटकको परिकल्पना, नाट्य रूपान्तरण तथा निर्देशन वरिष्ठ रंगकर्मी अशेष मल्लले गरेका हुन् ।

निर्देशक मल्लका अनुसार 'वीर गणेशमान' कुनै ऐतिहासिक व्यक्तित्वको जीवनीमा आधारित नाटक मात्र नभई इमानदारी र देशप्रतिको समर्पणको कथा पनि हो । आफ्नो पाँच दशक लामो नाट्य यात्रामा यस्तो यथार्थपरक नाटक पहिलोपटक गर्न लागेको बताउँदै उनले भने, 'बिम्ब र प्रतिकसँग खेल्ने मेरो नियमित अभ्यासभन्दा यो प्रस्तुति फरक छ । एउटा निष्ठावान् र सच्चरित्र योद्धाको तेस्रो आयाम दर्शकसम्म सञ्चारित गर्ने प्रयास स्वरूप नाटक निर्देशन गरेको हुँ ।'

नाटकमा निरंकुश जहानियाँ राणा शासनविरुद्ध गणेशमान सिंहले गरेको संघर्ष, उनले भोगेको जेल जीवन र छ फिट अग्लो जेलको पर्खाल नाघेर गर्नुभएको साहसिक पलायनलाई विशेष रूपमा प्रस्तुत गरिने मल्लले बताए । प्रजातन्त्र स्थापनाका लागि मृत्युदण्डको समेत बेवास्ता गर्दै निरन्तर संघर्ष गरेका सिंहको त्याग र अडिग निष्ठालाई नाटकले रंगमञ्चमार्फत जीवन्त बनाउने प्रयास गर्ने उनले बताए ।

## रंगशाला

### टप एन्ड ट्वान्टी २० सिरिज

# नेपाल 'ए'को पहिलो जित

## होबार्ट हुरिकेन्सलाई ३९ रनले हरायो

■ प्रभाव संवाददाता




**काठमाडौं–** अस्ट्रेलियामा जारी टप एन्ड ट्वान्टी २० सिरिजमा नेपाल 'ए'ले पहिलो जित हासिल गरेको छ ।

सोमबार डार्विनस्थित मरारा क्रिकेट मैदानमा सम्पन्न खेलमा नेपाल 'ए'ले होबर्ट हुरिकेन्समाथि ३९ रनको जित निकाल्यो । नेपालले दिएको एक सय ५५ रनको लक्ष्य होबार्टले पछ्याउन सकेन ।

होबार्टले १८.३ ओभरको समाप्तिमा सबै विकेट गुमाउँदै मात्र ११५ रन जोड्न सक्यो । होबार्टका लागि ओपनर नितेश साम्युवेलले ३२ बलमा ३७ रनको पारी खेले । त्यस्तै पाँचौं नम्बरका टिम वार्डले २३ तथा कप्तान निभेथन राधाकृष्णले २० रन बनाए । ओपनर तथा विकेटकिपर ज्याक कर्टेनको नाममा १२ रन रह्यो । अन्य ब्याटरले दोहोरो अंकमा रन जोड्न सकेन ।

नेपालको जितमा नारायण जोशीले तीन तथा शाहब आलम र पवन शराफले समान दुई विकेट लिए । एक विकेट विपीन खत्रीको नाममा रह्यो ।

त्यसअघि टस हारेर ब्याटिङको निम्तो पाएको नेपालले २० ओभरको समाप्तिमा ८ विकेट गुमाउँदै १५४ रनको योगफल खडा गरेको थियो । नेपालका लागि तेस्रो नम्बरमा आएका कुशल भुर्तेलले ३४ बलमा ३९ रनको पारी खेले । त्यस्तै ओपनर मयन यादवले ३१ तथा कप्तान अनिल शाहले २८ रन जोडे । यसैगरी पवन शराफले २० रन बनाउँदा त्रितराज दासले १० रनको योगदान दिए ।

होबार्टका लागि राफ म्याकमिलनले सर्वाधिक तीन विकेट लिए । त्यस्तै, मार्कस बेनले दुई तथा ब्राड्ली होप र निभेथन राधाकृष्णको नाममा समान एक विकेट रह्यो । नेपालले सुरुआती दुई खेलमा हारको सामना गरेको थियो । अब नेपालले बुधबार आफ्नो चौथो खेलमा अस्ट्रेलियन क्यापिटल टेरिटोरीसँग प्रतिस्पर्धा गर्नेछ ।

# राष्ट्रिय जुनियर टेनिसमा शास्वत र सुरेन्द्र च्याम्पियन

**कास्की (प्रस)–** पोखरामा सोमबार सम्पन्न भएको पहिलो संस्करणको 'पिसिएम कप' खुला राष्ट्रिय जुनियर टेनिस प्रतियोगितामा शास्वत बज्राचार्य र सुरेन्द्र विक च्याम्पियन बनेका छन् । गण्डकी प्रदेश टेनिस संघको आयोजनामा आधारभूत तहदेखि टेनिस खेलाडी उत्पादन गर्ने उद्देश्यले पोखरा रंगशालामा यही भदौ ५ गतेदेखि प्रतियोगिता सुरु भएको हो ।

प्रतियोगितामा १८ वर्षमूनिको 'ब्वाइज सिंगल्स' को फाइनलमा शास्वतले सन्दीप विकलाई ६-२ र ६-१ को सोझो सेटमा पराजित गर्दै उपाधि जित्न सफल भए । उत्कृष्ट प्रदर्शन गरेका शास्वतले प्रतियोगिता भर आफ्नो प्रभावशाली खेललाई फाइनलसम्म निरन्तरता दिएका थिए । यसैगरी १६ वर्षमुनिको 'ब्वाइज सिंगल्स' तर्फ सुरेन्द्र विक च्याम्पियन बनेका छन् । फाइनलमा उनले आर्यषराज पौडेललाई ६-३ र ६-३ को सोझो सेटमा पराजित गर्दै उपाधि आफ्नो पोल्टामा पार्न सफलल भएका हुन् । प्रतियोगितामा विभिन्न उमेर समूहका खेलाडीबीच प्रतिस्पर्धा भएको थियो ।

चौध वर्षमुनिको 'ब्वाइज सिंगल्स' को उपाधि भने आर्यषराज पौडेलले जितेका छन् । उनले फाइनलमा अभिषेक बयलकोटीलाई ६-१ र ७-५ को सेटमा पराजित गर्दै उपाधि पोल्टामा पार्न सफल भएका हुन् ।

'गर्ल्सतर्फ' निम्ती कुँवरले उत्कृष्ट प्रदर्शन गर्दै दुई उपाधि आफ्नो नाममा लेखाइन् । उनी यु-१२ र यु-१० 'गर्ल्स सिंगल्स' दुवै विधामा च्याम्पियन बन्न सफल भइन् । यसैगरी आठ वर्षमुनिको 'गर्ल्स सिंगल्स' मा वाणी राजभण्डारी प्रथम हुँदा निवेदी सुनार द्वितीय भइन् ।

'ब्वाइज'तर्फ यु-१२ 'सिंगल्स' मा सहंश बस्नेत प्रथम भए । उनले इभान भट्टराईलाई पराजित गर्दै उपाधि जितेका हुन् । यु-९ ब्वाइज सिंगल्समा सर्वज्ञजंग खत्री प्रथम र सोनम टीघले द्वितीय बने ।

प्रतियोगिताका विजेता तथा उत्कृष्ट खेलाडीलाई मुख्य प्रायोजक पोखरा कलेज अफ म्यानेजमेन्टकी प्राचार्य लिना नेगी श्रेष्ठ, नेपाल टेनिस संघका पूर्वअध्यक्ष मनोज राणा, प्रतियोगिता संयोजक लोक गुरुङलगायतले आकर्षक उपहार, मेडल तथा प्रमाणपत्र प्रदान गरे ।

गण्डकी प्रदेश टेनिस संघका अध्यक्ष विनोद कायस्थले संघले आफ्नो स्थापना भएदेखि हालसम्म आधारभूत तहमा टेनिसका लागि 'खेल्छ गण्डकी' कार्यक्रमका माध्यमबाट विपन्न वर्गका बालबालिकाबाट अभियान सुरु गर्दै आएको बताउँदै बालबालिकाको क्षमता विकास गर्न र खेलप्रति आकर्षित गराउन प्रतियोगिताले सहयोग पुग्ने विश्वास व्यक्त गरे ।

गण्डकी प्रदेशमा जुनियर टेनिस खेलाडीको प्रतिभा पहिचान र विकासमा प्रतियोगिताले महत्वपूर्ण योगदान पुर्‍याउने विश्वास गरिएको गण्डकी प्रदेश टेनिस संघका महासचिव नवीन श्रेष्ठले बताए । पोखरा रंगशालाभित्रको टेनिस हलमा यही भदौ ५ गतेदेखि सुरु भएको प्रतियोगितामा विभिन्न उमेर समूहसँगै खुलातर्फका खेलमा ६० भन्दा बढी खेलाडीको सहभागिता थियो ।


**युएइमा रोजगार** कम्पनी : SARAL TECHNICAL SERVICES LLC SOC

पूर्व स्वीकृति मिति : २०८३/०५/०८ | LT. No. 346999 | चलानी नं. ६०२६०२०३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 6 | 0 | 1050 | ४३,८४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ भदौ १६ गते (1st Sep. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC No. 1805/082/083
Sunlight Overseas Recruiting Manpower Pvt.Ltd
Kareshwor Marge- 31, Kathmandu, Nepal, Tel: +977 01 4533357, Mob: 9819803981, 9818958025
E-mail : info@sunlightmanpower.com, Web: www.sunlightmanpower.com

**Fewa HR Solutions Pvt. Ltd.**
KMC-32, Tinkune, Kathmandu, Office: +977-1-4117992, 4117997
E-mail: fewahrsolutions@gmail.com, website: www.fewahrsolutions.com
श्रम इजाजत नं. १४८५/०७४/०७५

**साउदीमा रोजगार** कम्पनी : SIKKA ESTABLISHMENT FOR SPECIALTY COFFEE — शेवा शुल्क: १०,०००

पूर्व स्वीकृति मिति : २०८३/०५/०८ | LT. No. 347051 | चलानी नं.६०२६०२०७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | KITCHEN WORKER | 1 | 0 | 3000 | १२२,१६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : THE EIGHT NUMBER GENERAL CONTRACTING EST. — शेवा शुल्क: १०,०००

पूर्व स्वीकृति मिति : २०८३/०५/०८ | LT. No. 347052 | चलानी नं.६०२६०२०६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 2 | 0 | 1000 | ४०,७२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ भदौ १६ गते (1st Sep. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | रु.७००/- कामदार आफैंले | कामदार आफै |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**युएइमा रोजगार** कम्पनी : AZ AN TECHNICAL SERVICES CO LLC

पूर्व स्वीकृति मिति : २०८३/०५/०८ | LT. No. 347045 | चलानी नं. ६०२६०२०५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assist. Electrician | 2 | 0 | 1600 | ६६,८१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Asst. Steel Fixer | 2 | 0 | 1600 | ६६,८१० | | | | | | | |
| 3 | Buiding Painter | 2 | 0 | 1600 | ६६,८१० | | | | | | | |
| 4 | Carpenter | 3 | 0 | 1600 | ६६,८१० | | | | | | | |
| 5 | Concrete Mason | 2 | 0 | 1600 | ६६,८१० | | | | | | | |
| 6 | G. Plumber | 2 | 0 | 1600 | ६६,८१० | | | | | | | |
| 7 | Labourer Building Worker | 4 | 0 | 1200 | ५०,१०५ | | | | | | | |
| 8 | Stone Mason | 2 | 0 | 1600 | ६६,८१० | | | | | | | |
| 9 | Welder/assistant Welder | 1 | 0 | 1400 | ५८,४८५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ भदौ १६ गते (1st Sep. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


श्रम इजाजत नं. ७०२/०६३/०६४
**STUPA OVERSEAS SERVICES PVT. LTD.**
New Baneshwor-34, Kathmandu, Nepal. Tel: 01- 4533418,
Jhal Nath Chamlagain (Contact No. 9707570238), E-mail: info@stupaoverseas.com, URL: www.stupaoverseas.com

**Zero Cost मा मलेसियामा रोजगार** कम्पनी : SCIENTEX TSUKASA STRAPPING SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/१२/१५ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०५/०८ | LT. No. 340259 | चलानी नं. ६०२५३७००

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Production Workers | 4 | 0 | 1700 | ६४,४१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : PREMIER FOREFRONT SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/०२/१३ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०५/०८ | LT. No. 342780 | चलानी नं. ६०२५६०८९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Operator Machine | 5 | 0 | 1700 | ६४,४१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ भदौ १६ गते (1st Sep. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | नि:शुल्क | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


CHANDANI RECRUITMENT SERVICE CENTER PVT LTD
Bansidhara Marga, Chandol-4,Kathmandu,Nepal, Tel: +977-5914697, 5914698, Manohari Adhikari 9851327379
Email : chandanirecruitment@gmail.com, Web: chandanirecruitment.com.np
1610/079/80



उत्तरी फिलिपिन्सको इफुगाओ प्रान्तको हुङडुआनमा रहेको हापाओ नदी किनारमा 'पुन्नुक' भनिने कृषिचक्रको अन्त्य मनाउनेक्रममा आयोजना गरिएको डोरी तान्ने प्रतिस्पर्धामा भाग लिँदै गाउँलेहरू । *तस्बिरः एएफपी*

# हर्मुज खुलाउनेबारे इरान–ओमान छलफल



**तेहरान–** हर्मुजको जलघाँटी हुँदै जहाजको आवागमन सहज बनाउने उपायबारे छलफल गर्न ओमानका विदेशमन्त्री बद्र अल-बुसाइदीले आज (मंगलबार) इरान भ्रमण गर्ने भएको छ । उनले इरानी विदेशमन्त्री अब्बास अराघचीसँग जलमार्गको सुरक्षा तथा द्विपक्षीय र क्षेत्रीय विषयमा छलफल गर्ने छन् ।

इरानी विदेश मन्त्रालयका प्रवक्ता इस्माइल बाकाईले भ्रमणले हर्मुजका दुई तटीय राष्ट्रबीच जारी राजनीतिक परामर्शलाई अघि बढाउने बताएका छन् । उनका अनुसार क्षेत्रीय शान्ति तथा सुरक्षा सुदृढ गर्नु र इरान-ओमान सहयोग विस्तार गर्नु भ्रमणको प्रमुख उद्देश्य हो ।

फेब्रुअरी २८ मा मध्यपूर्वमा युद्ध सुरु भएयता इरानले तेल तथा ग्यास ढुवानीका लागि महत्त्वपूर्ण हर्मुज जलघाँटीमा नियन्त्रण कायम राखेको छ । जलमार्ग प्रयोग गर्ने जहाजले अनुमति लिनुपर्ने र पारवहन शुल्क तिर्नुपर्ने व्यवस्था रहेको बताइएको छ । युद्धअघि विश्वको तेल तथा एलएनजी निर्यातको करिब पाँचौं हिस्सा यही मार्गबाट हुने भएकाले यसको अवरोधले विश्व ऊर्जा बजारमा असर पार्दै आएको छ ।

इरान र ओमानले हर्मुज हुँदै जहाज आवागमनका लागि नयाँ व्यवस्था तथा मार्गबारे छलफल गरिरहेका छन् । जलघाँटीले दुई देशलाई छुट्याउँछ । यद्यपि, प्रस्तावित व्यवस्थासम्बन्धी सम्झौता अझै अन्तिम भएको छैन ।

अमेरिकाले जलघाँटीलाई युद्धअघि कायम रहेको स्वतन्त्र नौवहन व्यवस्थामा फर्काउनुपर्ने बताउँदै आएको छ । राष्ट्रपति डोनाल्ड ट्रम्पले हर्मुजमा अमेरिकाको 'पूर्ण नियन्त्रण' रहेको दाबी गरेका छन् ।

तेहरानले भने वार्ताबाट सहमति बने पनि अमेरिकाले इरानी बन्दरगाहमाथिको नाकाबन्दी हटाउनेलगायत आफ्ना माग पूरा नगरेसम्म जलमार्ग पूर्णरूपमा खुला नहुने अडान राख्दै आएको छ । यसले हर्मुज हुँदै अन्तर्राष्ट्रिय जहाजको नियमित आवागमन तत्काल सामान्य हुनेमा अनिश्चितता कायमै छ । *रासस/एएफपी*

# अस्ट्रेलियामा हजारौं 'लिटिल पेन्गुइन'लाई एच-५ एन-१ विरूद्धको खोप लगाइँदै



**मेलबर्न–** अस्ट्रेलियाको भिक्टोरिया राज्यमा अधिकारीहरूले लोकप्रिय पर्यटकीय स्थलका पाँच हजार 'लिटिल पेन्गुइन'लाई एच-५ एन-१ बर्ड फ्लुविरुद्ध खोप लगाउन थालेका छन् ।

राज्य सरकारले सुरु गरेको संरक्षण कार्यक्रमअन्तर्गत मेलबर्नको दक्षिणमा रहेको फिलिप आइल्याण्ड नेचर पार्कका कर्मचारीले आइतबार राति एक हजार लिटिल पेन्गुइनलाई एच-५ एन-१ खोपको पहिलो मात्रा दिएका छन् । अत्यधिक संक्रामक एच-५ एन-१ भाइरसको संक्रमण देशभर फैलिरहेका बेला फिलिप आइल्याण्ड र मेलबर्नको सेन्ट किल्डामा रहेका पाँच हजार लिटिल पेन्गुइनलाई खोप लगाउने योजना बनाइएको हो ।

फिलिप आइल्याण्डमा विश्वकै सबैभन्दा ठूलो लिटिल पेन्गुइन समूह रहेको छ । अस्ट्रेलिया र न्युजिल्याण्डका रैथाने मानिने यी पेन्गुइनको संख्या यहाँ करिब ४० हजार रहेको अनुमान छ ।

फिलिप आइल्याण्डको 'पेन्गुइन परेड' भिक्टोरियाको लोकप्रिय पर्यटकीय आकर्षणमध्ये एक हो । यहाँ साँझपख समुद्रबाट बासस्थानतर्फ फर्किरहेका पेन्गुइन हेर्न पर्यटकहरू पुग्ने गर्छन् । सन् २०२५ मा सात लाखभन्दा बढी पर्यटकले उक्त क्षेत्रको भ्रमण गरेका थिए ।

भिक्टोरियाकी वातावरणमन्त्री ज्याक्लिन साइम्सले खोपको पहिलो मात्रा लगाइएका पेन्गुइनलाई तीनदेखि चार सातापछि पुनः समातेर दोस्रो मात्रा दिइने बताए । 'बर्ड फ्लु यहाँ आइसकेको छ र यसलाई रोक्न सकिँदैन, तर पेन्गुइनको समूहलाई सकेसम्म सुरक्षित राख्न हामीले सक्दो प्रयास गर्न चाहन्छौं' उनले अस्ट्रेलियन ब्रोडकास्टिङ कर्पोरेसनलाई बताए ।

राज्यको वातावरण विभागको सन् २०२५ को प्रतिवेदनअनुसार फिलिप आइल्याण्डका लिटिल पेन्गुइनमा एच-५ एन-१ को प्रकोप फैलिएमा मृत्युदर ४० प्रतिशतसम्म पुग्न सक्छ । फिलिप आइल्याण्डमा अगस्ट १५ मा लिटिल पेन्गुइनमा अस्ट्रेलियाकै पहिलो एच-५ एन-१ संक्रमण पुष्टि भएको थियो । *रासस/सिन्ह्वा*

# गिनीको ल्याण्डफिलमा पहिरो जाँदा ३० जनाको मृत्यु



**कोनाक्री–** गिनीको राजधानी कोनाक्रीस्थित सबैभन्दा ठूलो ल्याण्डफिलमा पहिरो जाँदा कम्तीमा ३० जनाको मृत्यु भएको सरकारी अधिकारीले बताएका छन् ।

आइतबार बिहान भारी वर्षापछि दार एस सलामस्थित ल्याण्डफिलमा थुपारिएको फोहोरको ठूलो भाग भत्किँदा नजिकैका झुपडीहरू पुरिएका थिए । घटनामा छ जना गम्भीर घाइते भएका छन् भने धेरै घरमा क्षति पुगेको छ ।

अधिकारीहरूका अनुसार बिहान करिब २ बजे सुरु भएको भारी वर्षाका कारण फोहोर बगेर आसपासका बस्तीमा पुगेको थियो । घटनापछि जीवितको खोजी तथा उद्धार कार्य जारी रहेको छ ।

सैन्य इञ्जिनियरिङ बटालियनका सरसफाइ अधिकारी लेफ्टिनेन्ट कर्नल बाल्डे मामाडोउ बैलोका अनुसार उक्त ल्याण्डफिल आइतबारदेखि बन्द गर्ने तयारी गरिएको थियो । ल्याण्डफिल आसपास बसोबास गर्ने स्थानीयलाई यसअघि नै अन्यत्र स्थानान्तरण हुन सूचना दिइएको थियो । त्यसका बाबजुद पहिरो जाँदा धेरै मानिस त्यही क्षेत्रमा रहेको अधिकारीहरूले बताएका छन् । क्षेत्रीय प्रशासन तथा विकेन्द्रीकरण मन्त्री डिएनाबोउ टुरेले घटनास्थलमा पुगेर बाँकी परिवारलाई सुरक्षित स्थानमा स्थानान्तरण गरिने बताए ।

गिनी खनिज स्रोतमा धनी मुलुक हो । यहाँ विश्वकै ठूलो बक्साइट भण्डारका साथै फलाम, सुन र हीराजस्ता खनिज पाइन्छन् । तर विश्व बैंकका अनुसार मुलुकको ४३ दशमलव सात प्रतिशत जनसंख्या राष्ट्रिय गरिबीको रेखामुनि रहेको छ । *रासस/एपी*

# इरान युद्ध नयाँ चरणमा जाने जोनसनको संकेत

**वासिङ्टन–** अमेरिकी प्रतिनिधिसभाका अध्यक्ष माइक जोनसनले इरानसँगको जारी द्वन्द्व चाँडै नयाँ चरणमा प्रवेश गर्ने बताउँदै अमेरिकी सहयोगी राष्ट्रहरू पनि त्यसमा सहभागी हुने संकेत गरेका छन् । उनले राष्ट्रपति डोनाल्ड ट्रम्पको नेतृत्वमा इरानलाई आणविक हतियार विकास गर्नबाट रोकिएको दाबी गर्दै सैन्य अभियानको उद्देश्य पूरा भएको बताए ।

फक्स न्युजसँग आइतबारको अन्तर्वार्तामा उनले इरानलाई आणविक हतियार प्राप्त गर्नबाट रोक्नु विगत पाँच दशकदेखि अमेरिकी प्रशासनहरूको साझा लक्ष्य रहेको र राष्ट्रपति ट्रम्पले त्यो उद्देश्य पूरा गरेको दाबी गरे । इरानसँगको वार्तामा मुख्य चुनौती विश्वासको अभाव रहेको बताउँदै उनले 'वार्ताको टेबलको अर्को छेउमा रहेका इरानीहरूलाई विश्वास गर्न सकिँदैन' भने ।

जोनसनले इरानमा जारी सैन्य संलग्नताप्रति अमेरिकाभित्र असन्तुष्टि बढे पनि रिपब्लिकन पार्टीले आगामी नोभेम्बर ३ को मध्यावधि निर्वाचनमा प्रतिनिधिसभाको बहुमत कायम राख्ने दाबी गरे । उनले निर्वाचनअघि द्वन्द्व समाधान भए त्यसले पार्टीलाई थप सहयोग पुग्ने बताए । युद्धका कारण ऊर्जा लागत र मुद्रास्फीति बढेको तथा अमेरिकामा पेट्रोलको मूल्य प्रतिग्यालन चार अमेरिकी डलरभन्दा माथि पुगेको विषय पनि राजनीतिक बहसमा आएको छ ।

राष्ट्रपति ट्रम्पका प्रमुख सहयोगी जोनसनले इरानको मुख्य खतरा समाप्त पारिएको दाबी गर्दै 'हामीले मुख्य खतरा हटाएका छौं' भने । आणविक हतियार विकास गर्नबाट इरानलाई रोक्नु सैन्य अभियानको प्रमुख उद्देश्य रहेको उनले दोहोऱ्याए ।

ट्रम्प प्रशासनले इरानविरुद्धको सैन्य कारबाही आणविक क्षमता विकास रोक्न गरिएको बताउँदै आएको छ । फेब्रुअरी २८ मा अमेरिका र इजरायलले इरानविरुद्ध संयुक्त सैन्य कारबाही गरेपछि सर्वोच्च नेता अली खामेनीसहित केही वरिष्ठ अधिकारीको मृत्यु भएको थियो । त्यसपछि तेहरानले हर्मुजको जलघाँटी हुँदै समुद्री आवागमन रोक्नुका साथै मध्यपूर्वस्थित अमेरिकी सैन्य प्रतिष्ठानमा ड्रोन तथा क्षेप्यास्त्र आक्रमण गरेको थियो ।

अप्रिलमा प्रारम्भिक युद्धविराम भए पनि क्षेत्रमा तनाव र सीमित सैन्य आदानप्रदान जारी रह्यो । पछिल्ला सातामा सक्रिय युद्ध घटेको भए पनि राष्ट्रपति ट्रम्पले इरानमाथि थप आर्थिक प्रतिबन्ध लगाउने घोषणा गरेका छन् । अमेरिका, इजरायल र इरानबीच अनिश्चित युद्धविराम कायम रहे पनि समुद्री सुरक्षाको जोखिम यथावत् छ ।

इरानी अधिकारीहरूले हर्मुजको जलघाँटीमाथिकोनियन्त्रणनछाड्नेअडान राख्दै आएका छन् । उक्त जलमार्गमा अवरोध हुँदा विश्वबजारमा इन्धन तथा प्राकृतिक ग्यासको मूल्य बढेको छ । *रासस/एएनआई*

# बेलायतले मिसाइल उत्पादनबारे युक्रेनलाई जानकारी दिएको क्रेमलिनको दाबी

**मस्को–** बेलायतले किएभलाई लामो दूरीका मिसाइल उत्पादन गर्न आवश्यक जानकारी दिएर युक्रेनमा शान्ति रोकिरहेको क्रेमलिनले सोमबार दाबी गरेको छ । क्रेमलिनले युक्रेनी मिसाइल उत्पादन गर्ने प्लान्टहरू नष्ट गर्ने चेतावनी दिएको छ ।

यो चेतावनी बेलायती प्रधानमन्त्री एण्डी बर्नहमले किएभ भ्रमणका क्रममा युक्रेनलाई सैन्य सहयोग जारी राख्ने वाचा गरेको बेला आएको हो । बेलायत सरकारले रक्षा कम्पनी एमबिडीएलाई 'फ्रान्को-ब्रिटिश मिसाइल'मा प्रयोग हुने बेलायती उपकरणहरूको जानकारी दिने अनुमति जारी गर्ने बताएको छ, यसले गर्दा किएभले घरेलुरूपमा ती मिसाइल उत्पादन गर्न सक्ने छ ।

'स्काल्प ब्लुप्रिन्ट'बारे सोधिएको बेला क्रेमलिन प्रवक्ता दिमित्री पेस्कोभले पत्रकारहरूसँग भने, 'बेलायत नियमितरूपमा विधिपूर्वक आगोमा इन्धन थप्ने काम गरिरहेको छ र शान्ति प्रक्रियामा हुने थोरै भए पनि प्रगति रोक्न विधिपूर्वक र नियमितरूपमा योजना बनाइरहेको छ ।'

'हाम्रा सशस्त्र बलहरू तदनुसार काम गरिरहेका छन्, यस्ता मिसाइल र अन्य सैन्य उपकरणका उत्पादन स्थल पहिचान गर्न सम्बन्धित गुप्तचर जानकारी संकलन गर्दै छन् र ती सुविधाहरू नष्ट गर्ने उपाय लिइरहेका छन्,' पेस्कोभले भने ।

'स्काल्प मिसाइल' अर्थात् लामो दूरीको क्रुज मिसाइलले करिब २५० किलोमिटर (करिब १५० माइल) टाढासम्मका लक्ष्यमा हान्न सक्छ । फ्रान्स र बेलायतले सन् २०२२ मा रुसले पूर्णरूपमा आक्रमण सुरु गरेदेखि युक्रेनलाई यो हतियार आपूर्ति गर्दै आएका छन्, तर किएभले अहिलेसम्म घरेलु रूपमा उत्पादन गरेको छैन ।

बर्नहमले सोमबार युक्रेनको स्वतन्त्रता दिवस समारोहका लागि किएभ भ्रमण गरेका छन् । समारोहमा उनले युक्रेन सरकारका लागि बेलायतको सैन्य सहयोग कायम राख्ने प्रतिबद्धता व्यक्त गरे । 'मेरो देशविरुद्ध रुसका अशोभनीय धम्कीका बाबजुद हामी युक्रेनको रक्षाका लागि आफ्नो सहयोग जारी राख्नेछौं,' बर्नहमले युक्रेनका अन्तर्राष्ट्रिय समर्थकहरूको बैठकअघि गरेको सम्बोधनमा भने । *रासस/एएफपी*

# बालबालिकालाई सामाजिक सञ्जालमा प्रतिबन्ध लगाउँदै न्युजिल्याण्ड




**वेलिङ्टन–** न्युजिल्याण्ड सरकारले १६ वर्षमुनिका बालबालिकालाई इन्स्टाग्राम, टिकटक, फेसबुक र स्न्यापच्याटजस्ता सामाजिक सञ्जाल प्रयोगमा प्रतिबन्ध लगाउने कानुन अघि बढाएको छ । सरकारले सामाजिक सञ्जालका कारण बालबालिकाको मानसिक स्वास्थ्य, निद्रा, पारिवारिक जीवन र शिक्षामा असर परेको भन्दै कडा उमेर सीमा प्रस्ताव गरेको हो ।

प्रधानमन्त्री क्रिस्टोफर लक्सनले बालबालिकामाथि सामाजिक सञ्जालको बढ्दो प्रभाव स्वीकार गर्न नसकिने बताए । उनका अनुसार १३ देखि १७ वर्ष उमेर समूहका तीनमध्ये एक बालबालिकाले दैनिक कम्तीमा पाँच घण्टा सामाजिक सञ्जालमा बिताउने गरेका छन् । सामाजिक सञ्जालले उनीहरूलाई हानिकारक सामग्री, लत लगाउने प्रविधि र मानसिक दबाबको जोखिममा पारिरहेको उनको भनाइ छ ।

प्रस्तावित व्यवस्थाअनुसार सामाजिक सञ्जाल कम्पनीले प्रयोगकर्ताको उमेर १६ वर्षभन्दा बढी भए-नभएको सुनिश्चित गर्नुपर्ने छ । त्यसका लागि खाता विवरण, अनुहारबाट उमेर अनुमान गर्ने प्रविधि, डिजिटल परिचयपत्र वा औपचारिक परिचयपत्र प्रयोग गर्न सकिने छ । नियम उल्लंघन गर्ने मेटालगायत कम्पनीलाई विश्वव्यापी राजस्वको १० प्रतिशतसम्म जरिवाना हुन सक्ने छ । बालबालिका वा उनीहरूका अभिभावकलाई भने दण्ड नहुने शिक्षामन्त्री एरिका स्टयानफोर्डले बताए ।

तर प्रस्तावित कानुनलाई राजनीतिक चुनौतीसमेत देखिएको छ । सरकारमा सहभागी एक्ट पार्टी र एनजेड फर्स्टले यसको विरोध गरेका छन् । अस्ट्रेलियामा यस्तै व्यवस्था प्रभावकारी नभएको र किशोरकिशोरीले प्रतिबन्ध छल्न सक्ने उनीहरूको तर्क छ । मुख्य विपक्षी लेबर पार्टीले पनि उमेर प्रमाणीकरण कसरी गरिने र कुन प्लेटफर्मलाई प्रतिबन्धमा समेटिने भन्ने विषयमा थप स्पष्टता मागेको छ ।

लेबरका प्रवक्ता रुबेन डेभिडसनले अनलाइन वातावरण जटिल बन्दै गएकाले युवाको सुरक्षासम्बन्धी जोखिमलाई गम्भीररूपमा लिनुपर्ने बताए । अस्ट्रेलियाले गत डिसेम्बरमा १६ वर्षमुनिका बालबालिकालाई सामाजिक सञ्जाल प्रयोगमा प्रतिबन्ध लगाउने विश्वकै पहिलो कानुन लागू गरेको थियो । बेलायत, फ्रान्सलगायतका देशले पनि यस्तै उपाय अघि बढाएका छन् । यद्यपि, गत जुनमा प्रकाशित एक अध्ययनले अस्ट्रेलियाको प्रतिबन्धपछि किशोरकिशोरी सामाजिक सञ्जालबाट उल्लेख्यरूपमा टाढिएको प्रमाण निकै कम रहेको देखाएको थियो । *रासस/एएफपी*

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

| आजको मूल्य | छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|---|
| | प्रति तोला – | प्रति तोला – | प्रति तोला – |
| | ३२२७०० | ० | ४९६५ |



**सहजता उन्मुख** | राजधानीमा विस्तारै विस्तारै खाना पकाउने ग्यासको उपलब्धता बढ्दै गएको छ। ग्यासको चरम अभाव भोगिरहेका राजधानीबासीले पछिल्ला दिनमा केही सहज ढंगले ग्यास पाइरहेका छन्। *तस्बिर: रासस*

# ‘सञ्चालकको अयोग्यतासम्बन्धी व्यवस्था बाफियामै स्पष्ट गर्नुपर्छ’

■ प्रभाव संवाददाता

**काठमाडौं–** अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले बैंक तथा वित्तीय संस्थाका सञ्चालकको अयोग्यतासम्बन्धी व्यवस्था नेपाल राष्ट्र बैंक ऐनमा मात्र राख्दा कानुनी विरोधाभास उत्पन्न हुने भएकाले बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन (बाफिया) मै स्पष्ट व्यवस्था गर्नुपर्ने बताएका छन्।

अर्थ समितिको सोमबारको बैठकमा नेपाल राष्ट्र बैंक (तेस्रो संशोधन) विधेयक, २०८३ माथिको दफावार छलफलका क्रममा अर्थमन्त्री वाग्लेले सम्बन्धित विषय सम्बन्धित ऐनमै सम्बोधन गर्नुपर्ने बताएका हुन्।

उनले बाफियाको सम्बन्धित व्यवस्थामा संशोधन गर्न अर्थ मन्त्रालयले कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा प्रस्ताव पठाइसकेको जानकारी दिए। केही नेपाल ऐन संशोधन गर्ने विधेयकमार्फत बाफियाको दफा १८(१)(ड) मा आवश्यक संशोधन गर्ने प्रक्रिया अघि बढाइएको उनले बताए।



राष्ट्र बैंक ऐनले लेखे पनि बाफियाले यसलाई सम्बोधन गरेन भने यो निष्प्रभावी हुन्छ। त्यसैले बाफियामै लेखेर जानुपर्नेछ।

■ डा. स्वर्णिम वाग्ले
अर्थमन्त्री

बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ (बाफिया) को दफा १८ मा सञ्चालकको अयोग्यतासम्बन्धी व्यवस्था छ। दफा १८ को उपदफा (१) को खण्ड (ड) मा ‘बैंक वा वित्तीय संस्थाको सञ्चालक हुन प्रचलित कानूनबमोजिम नियमनकारी निकायले कानूनविपरीत कार्य गरेको भनी कारबाही गरेको वा त्यस्तो कारबाही भएको पाँच वर्ष अवधि व्यतीत नभएको’ व्यक्ति सञ्चालक हुन अयोग्य हुने व्यवस्था गरिएको छ।

‘राष्ट्र बैंक ऐनले लेखे पनि बाफियाले यसलाई सम्बोधन गरेन भने यो निष्प्रभावी हुन्छ। त्यसैले बाफियामै लेखेर जानुपर्नेछ,’ अर्थमन्त्री वाग्लेले भने। राष्ट्र बैंक ऐनमा मात्र संशोधन गर्दा पुनः बाफियासँग मिलाउनुपर्ने अवस्था आउने भएकाले सरकारले सम्बन्धित ऐनमै संशोधनको प्रक्रिया अघि बढाएको अर्थमन्त्रीले जानकारी दिए।

समितिका सभापति कृष्णहरि बुढाथोकीलगायत समितिका सदस्यहरूले सर्वोच्च अदालतको फैसलापछि नसिहत पाएका व्यक्तिसमेत अयोग्य ठहरिनसक्ने अवस्था देखिएको भन्दै त्यसले बैंकिङ क्षेत्रमा गम्भीर समस्या सृजना गर्नसक्ने उनीहरूले बताए। उनीहरूले राष्ट्र बैंक ऐनसँगै बाफियामार्फत समेत आवश्यक व्यवस्था गर्नुपर्ने धारणा राखे।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका प्रतिनिधिले पनि सम्बन्धित विधेयकमै संशोधन गरेर जाने र बाफियामै व्यवस्था मिलाउने प्रक्रिया अघि बढेको जानकारी गराए। समितिमा नेपाल राष्ट्र बैंक (तेस्रो संशोधन) विधेयक, २०८३ माथि दफावार छलफल जारी छ।

# सरकारी विज्ञापन वितरणको विसंगति अन्त्य गरिन्छः सञ्चारमन्त्री

■ प्रभाव संवाददाता

**काठमाडौं–** सञ्चार तथा सूचना प्रविधिमन्त्री डा. विक्रम तिमिल्सिनाले सरकारी विज्ञापन वितरणमा विगतमा देखिएका विसंगति अन्त्य गरिने जनाएका छन्। राष्ट्रिय विज्ञापन संघ नेपाल (नान) का पदाधिकारीहरूले मन्त्री तिमिल्सिनालाई सोमबरा बुझाएको ध्यानाकर्षण पत्र बुझ्दै उक्त कुरा बताएका हुन्।

उक्त अवसरमा डा. तिमिल्सिनाले नेपालको विज्ञापन बजारलाई स्वच्छ, पारदर्शी र प्रतिस्पर्धी बनाउन सरकारले विज्ञापन चक्रमा व्यापक सुधार गरिरहेको बताएका छन्।

उक्त अवसरमा भेटका क्रममा नाआनले मन्त्री तिमिल्सिनालाई



एक ध्यानाकर्षण पत्र बुझाउँदै सरकारी विज्ञापन सरकारी सञ्चार माध्यमलाई मात्र दिने गरी भएको विगतको ‘विवादास्पद’ निर्णय खारेज गर्ने सर्वोच्च अदालतको आदेश तत्काल कार्यान्वयन गर्न माग गरेको छ।

सर्वोच्चले २०८३ असार ३० गते सरकारको उक्त निर्णयलाई प्रेस स्वतन्त्रता र समानताको हक विपरीत भन्दै बदर गरिदिएको उल्लेख गर्दै संघले सबै सरकारी तथा निजी सञ्चार माध्यमलाई समान व्यवहार गर्न र विज्ञापन एजेन्सीमार्फत पारदर्शी रूपमा विज्ञापन व्यवस्थापन गर्न मन्त्रालयको ध्यानाकर्षण गराएको छ। संघले बुझाएको पत्रमा विज्ञापन एजेन्सीहरू सरकार, सञ्चार माध्यम र विज्ञापनदाताबीचको महत्वपूर्ण सेतु रहेको उल्लेख गर्दै आर्टिफिसियल इन्टेलिजेन्सको युगमा एजेन्सीलाई ‘बाइपास’ नगर्न आग्रह गरिएको छ। विज्ञापन नियमन गर्ने ऐन २०७६ ले तोकेको एजेन्सीको दायरा र भूमिकालाई संरक्षण गर्दै नीतिगत ग्यारेन्टी गर्न माग गरिएको छ।

उक्त अवसरमा मन्त्री तिमिल्सिनाले हालै जारी भएको राष्ट्रिय विज्ञापन नीतिलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्दै विज्ञापन क्षेत्रलाई व्यवस्थित बनाइने बताए। उनले भने, ‘विगतमा सरकारी विज्ञापन वितरणमा देखिएका आर्थिक अनियमिततालाई सरकारले गम्भीरतापूर्वक लिएको छ। अबका दिनमा विज्ञापन चक्रसँग जोडिएका सबै पक्षले पारदर्शी र व्यावसायिक ढंगले काम गर्नुपर्छ।’

# निजी क्षेत्रका समस्या समाधान गर्न र लगानी सहजीकरणका लागि सुझाव माग

■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रतिनिधिसभाको पूर्वाधार विकास समितिले निजी क्षेत्रका समस्या समाधान गर्न तथा लगानी सहजीकरणका लागि सुझाव माग गरेको छ। समितिको सोमबार बसेको बैठकले विद्यमान ऐन, कानुन तथा प्रक्रियाका कारण निजी क्षेत्रले भोगिरहेका समस्या समाधान गर्ने र लगानी सहजीकरण गर्ने विषयमा सरोकार भएका निकायबाट १५ दिनभित्र लिखित सुझाव माग गरेको हो।

समितिले नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल चेम्बर अफ कमर्स, नेपाल उद्योग परिसंघ तथा नेपाल-इन्डिया चेम्बर अफ कमर्स एण्ड इन्डस्ट्रिजबाट लिखित सुझाव माग गर्ने निर्णय गरेको हो। त्यस्तै, निजी क्षेत्रका समस्या समाधानका उपायबारे स्पष्ट विवरण बुझाउन लगानी बोर्डलाई निर्देशन दिइएको समितिले जनाएको छ।

समितिले ‘वान विन्डो पोलिसी’ (एकद्वार प्रणाली), कर्मचारीतन्त्रका झन्झटिला प्रक्रिया न्यूनीकरण, लगानी भित्र्याउन सहज वातावरण निर्माण, लगानी तथा मुनाफा फिर्ता लैजान, पुनःलगानी गर्न सहज हुने व्यवस्थालगायत विषयमा निजी क्षेत्रको धारणासहित सुझाव माग गरेको हो। समितिले लगानी बोर्डबाट सार्वजनिक-निजी साझेदारी (पिपिपी) ढाँचामा सहजीकरण गरिएका तथा स्वीकृत भएका आयोजनाको वर्तमान अवस्था, आयोजनामा देखिएका समस्या र समाधानका उपायसहितको विवरण समितिसमक्ष पेस गर्न लगाउने निर्णय गरेको छ।

लगानी बोर्डसम्बन्धी ऐन तथा अन्य सम्बन्धित कानुनी व्यवस्थामा गर्नुपर्ने सुधार, लगानी सहजीकरण, समन्वय तथा अनुमति प्रदान गर्ने विषयमा बोर्डको भूमिका कस्तो हुनुपर्ने भन्ने विषयमा पनि १५ दिनभित्र विवरण पेस गर्न समितिले निर्देशन दिएको हो। समितिले परियोजना कार्यान्वयन तथा सेवा प्रवाह (डेलिभरी) मा देखिएका समस्या र ती समस्या समाधान गर्न समितिले गर्नुपर्ने पहलसम्बन्धी स्पष्ट विवरणसमेत पेस गर्न भनेको छ।

समितिका सभापति आशिष गजुरेलले निजी क्षेत्रका समस्या र परियोजना कार्यान्वयनमा देखिएका अवरोधबारे जानकारी लिएर समाधानका उपाय पहिचान गर्ने बताए। उनले आवश्यक विवरण प्राप्त भएपछि थप छलफल गरी समस्या समाधानका लागि समितिले पहल गर्ने जानकारी दिए।

## कर्पोरेट

### ‘नाडा अटो शो २०२६’ आजदेखि सुरू हुँदै




**काठमाडौं (प्रस)–** ‘एचपी ल्युब्रिकेन्ट्स प्रिजेन्ट्स १८औं नाडा अटो शो २०२६’ आजदेखि सुरु हुँदैछ। सो कार्यक्रमको उद्घाटन उपराष्ट्रपति रामसाय प्रसाद यादवले गर्ने कार्यक्रम रहेको छ। राजधानीको भृकुटीमण्डपमा सुरु हुने शोको तयारी पूरा भएको नाडाले सोमबार पत्रकार सम्मेलन गरी जनाएको हो। नाडाका अध्यक्ष सुरेन्द्रकुमार उप्रेतीका अनुसार सोमबारसम्ममा २ सय १५ भन्दा बढी स्टलहरू बनीसकेका छन्। उक्त अवसरमा अध्यक्ष उप्रेतिले गत बर्षहरूको भन्दा यसपाली स्टल फराकिलो र व्यवस्थित रहेको दावी गरे। प्रदर्शनीस्थल ह्विलचेयरमैत्री छ भने बत्ती, एसी र पंखाहरूको पर्याप्त व्यवस्था गरिएको छ।

त्यस्तै प्रदर्शनीस्थललाई चारपांग्रे, दुईपांग्रे, वित्तीय संस्था, अटो पार्ट्स र ग्यारेज उपकरण साथै ‘मेड इन नेपाल / मेड फर नेपाल’ प्याभिलियन र इन्टरनेसनल बिजनेस प्याभिलियन गरी पाँच क्षेत्रमा विभाजन गरिएको छ। त्यस्तै अवलोकन गर्न चाहने अवलोकनकर्ताले पहिले सवारीसाधन, त्यसपछि वित्त, बीमा, सर्भिस र पार्ट्ससम्बन्धी गरी तीन भागमा विभाजन गरी अवलोकत गर्न सक्नेछन्। जसले .गाडी किन्नेहरूले खर्च र सुविधाबारे राम्रोसँग जानकारी प्राप्त गर्नेछन्। नाडाका अनुसार प्रदर्शनीस्थलमा ५३ सवारी ब्राण्ड, ७० पार्ट्स तथा सेवा कम्पनी र करिब ११ वटा बैंक तथा वित्तिय संस्थाहरूले भाग लिएका छन्। ‘नाडा अटो शो’ अबलोकनकर्ताहरूको सुविधालाई मध्यनजर राख्दै नाडाले अग्रिम टिकट बुकिङको पनि व्यवस्था गरेको छ। अग्रिम टिकको लागि खल्तीको एप वा आधिकारिक क्यूआर कोड मार्फत टिकट काट्न सकिने व्यवस्था गरेको छ। त्यस्तै सर्वसाधारणहरूको लागि प्रवेश शुल्क २०० र विद्यार्थीका लागि १५० रूपैयाँ रहेको नाडाले जनाएको छ। त्यस्तै प्रदर्शनीस्थलमा ट्राफिक व्यवस्थापन सूचना डेस्क, मिडिया डेस्क, क्याफेटेरिया र आकस्मिक स्वास्थ्य सेवा पनि उपलब्ध रहेको छ। त्यसैगरी सीसीटीभी निगरानी र अग्नि नियन्त्रण प्रणाली को व्यवस्था गरेको नाडाले जनाएको छ। नाडा शो १४ गतेसम्म चल्नेछ।

### मञ्जुश्री फाइनान्स र स्टार क्याफेबीच सम्झौता

**काठमाडौं (प्रस)–** मञ्जुश्री फाइनान्स लिमिटेड र स्टार क्याफे एण्ड ब्यान्कुएट प्राइभेट लिमिटेडबीच मञ्जुश्री फाइनान्सका ग्राहकहरूलाई विशेष छुट प्रदान गर्ने उद्देश्यले एक समझदारी पत्रमा हस्ताक्षर भएको छ। यस सम्झौता पश्चात्, मञ्जुश्री फाइनान्सका डेबिट कार्ड तथा मोबाइल बैंकिङ प्रयोगकर्ताहरूले स्टार क्याफे एण्ड ब्यान्कुएटमा सेवा



लिँदा आकर्षक छुट प्राप्त गर्न सक्नेछन्।

खानपानका सबै परिकार तथा पेय पदार्थहरूमा ८ प्रतिशतसम्मको छुटको व्यवस्था रहेको छ भने, क्याबिन बुकिङ गर्दा १० प्रतिशत छुट रहने सम्झौता भएको छ। फाइनान्सका ग्राहकहरूलाई डिजिटल कारोबारतर्फ प्रोत्साहन गर्न र उनीहरूलाई थप सेवा सुविधा प्रदान गर्न यो सहकार्य गरिएको हो। ग्राहकले बिल भुक्तानी गर्ने क्रममा मञ्जुश्री फाइनान्सको कार्ड वा मोबाइल बैंकिङ प्रयोग गरेको पुष्टि गरेर यो छुट सहजै लिन सक्नेछन्। आगामी दिनहरूमा पनि ग्राहकहरूको हितलाई ध्यानमा राख्दै यस्ता विभिन्न सहकार्यहरूलाई निरन्तरता दिने फाइनान्सले जनाएको छ।

### पियरसनमा पिटिई एआई प्राक्टिस

Pearson

**काठमाडौं (प्रस)–** पियरसनले आधिकारिक पीटीई एआई प्राक्टिस सार्वजनिक गरेको छ। यो यसको आधिकारिक एआई-सञ्चालित उपकरण हो, जसले नेपालका परीक्षाार्थीहरूलाई विदेशमा अध्ययन गर्न, काम गर्न र बस्नका लागि आवश्यक पर्ने पियरसन टेस्ट अफ अंग्रेजी परीक्षाको तयारी गर्न मद्दत गर्ने जनाइएको छ।

पियरसनमार्फत् परीक्षार्थीहरूले मोक टेस्ट र व्यक्तिगत प्रश्नहरू पूरा गर्न सक्छन् र तुरुन्तै स्कोर तथा प्रतिक्रिया प्राप्त गर्न सक्छन्, र त्यसपछि एआई ट्युटरबाट लक्षित मार्गदर्शन प्राप्त गर्न सक्छन् जसले उनीहरूलाई कहाँ सुधार गर्न आवश्यक छ भन्ने कुरा स्पष्ट पारेको छ। उपकरणले पीटीई एकेडेमिक र पीटीई कोर दुवैको तयारीका लागि सहयोग गर्ने विश्वास लिइएको छ। पीटीई एआई प्रक्टिस हाल नेपाल, भारत र चीनमा उपलब्ध छ, र सन् २०२६ को तेस्रो त्रैमासिकदेखि अन्य बजारहरूमा पनि उपलब्ध हुनेछ। अफिसियल पीटीई एआई प्रक्टिस सुरु गर्न निःशुल्क छ, जस अन्तर्गत लचिलो सशुल्क योजनाहरू मार्फत थप तयारी गतिविधिहरू पनि उपलब्ध छन्।

सार्वजनिक शौचालयको निर्माण र व्यवस्थापन गरौं

- सार्वजनिक शौचालयको निर्माण तथा नागरिकको पहुँच विस्तार गरौं,
- सार्वजनिक शौचालयको जिम्मेवारीपूर्वक प्रयोग गरौं,
- फोहोर, प्लास्टिक वा अन्य वस्तु शौचालयमा नफालौं,
- साबुनपानीले हात धुने बानी अपनाई व्यक्तिगत सरसफाईमा ध्यान दिऔं,
- सार्वजनिक सम्पत्तिको सम्मान गर्दै क्षति पुग्ने कार्य नगरौं,
- शौचालय स्वच्छ राखी रोगको संक्रमण न्यूनीकरणमा योगदान दिऔं,
- सार्वजनिक शौचालय सफा राखौं, सभ्य नागरिकको परिचय दिऔं।

स्वच्छ शौचालय, स्वस्थ समुदाय र सभ्य समाज निर्माणमा सबैले सहयोग गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ